# प्रभाव दैनिक
National Daily

पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ।

प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल–७, काठमाडौं
०१–४३७३५७७, ९७६१८१५४००,
९८४११५१२१७, ९८४१२४६२६९
marketing2prabhab@gmail.com

वर्ष १२ | अंक २१४ | काठमाडौं | बिहीबार, १८ मंसिर २०८२ | Prabhab National Daily | Thursday, 04 December 2025 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५|–


## मधेशमा महिना दिनमै एमालेले गुमायो प्रदेश प्रमुख, सभामुख र मुख्यमन्त्री





- मन्त्रिपरिषद्को सिफारिसमा कात्तिक २५ गते राष्ट्रपति रामचन्द्र पौडेलद्वारा मधेश प्रदेशकी प्रदेश प्रमुख सुमित्रा सुवेदी भण्डारीलाई पदमुक्त
- पदअनुकुल आचरण नगरेको भन्दै मधेश प्रदेश सभाका सभामुख रामचन्द्र मण्डल मंसिर ३ गते पदमुक्त । उनी एमालेका प्रदेश सभा सदस्य हुन्
- विश्वासको मत प्राप्त हुने अवस्था नदेखिएपछि एमाले संसदीय दलका नेतासमेत रहेका सरोजकुमार यादवले मुख्यमन्त्री पदबाट राजीनामा

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** संघीय सत्ताबाट सडकमा पुगेको एमालेले मधेशमा पनि एकपछि अर्को पद गुमाएको छ । मुख्यमन्त्रीमा बलजफ्ती आफ्नो दलका नेतालाई नियुक्त गरेपछि एमालेले सभामुख र प्रदेश प्रमुखसमेत गुमाएको हो ।

सर्वोच्च अदालतले २४ घण्टाभित्र विश्वासको मत लिन आदेश दिएपछि मधेश प्रदेशका मुख्यमन्त्री सरोजकुमार यादवले पदबाट राजीनामा दिएका हुन् । उनलाई कात्तिक २४ गते बिहान बर्दिबासको एक होटलमा तत्कालीन प्रदेश प्रमुख सुमित्रा सुवेदी भण्डारीले संविधानको धारा १६८(३) अनुसार मुख्यमन्त्रीमा नियुक्त गरेकी थिइन् ।

पानस कटेजमा बिहानै यादवको नियुक्ति र शपथ ग्रहणसमेत भएपछि यसले राजनीतिक विवाद झनै बढाएको थियो । त्यसपछि भण्डारीलाई पदमुक्त गर्न अरु दलले सरकारसमक्ष अनुरोध गरेका थिए । लगत्तै संघीय सरकारले प्रदेश प्रमुख भण्डारीलाई पदमुक्त गरी सुरेन्द्र लाभ कर्णलाई नयाँ प्रदेश प्रमुख नियुक्त गरेको थियो ।

यता पदअनुकुल आचरण नगरेको भन्दै मधेश प्रदेश सभाका सभामुख रामचन्द्र मण्डल मंसिर ३ गते पदमुक्त भएका थिए । मण्डल एमालेबाट प्रदेश सभा सभामुख भएका हुन् । उनले पद अनुकुल आचरण नगरेको प्रस्ताव दुई तिहाइ बहुमतले पारित भएको थियो ।

कात्तिक २७ गते सभामुख मण्डलमाथि पद अनुकूल आचरण नगरेको भन्दै सात दलीय गठबन्धनका ६४ जना प्रदेश सांसदहरूले प्रस्ताव दर्ता गराएका थिए । उक्त प्रस्तावमाथि छलफलका लागि उपसभामुख बबिता राउत ईशरको निर्देशनमा बैठक डाकिएको थियो ।

सभामुख मण्डलले सभा कार्य सञ्चालन नियमावली २०७५, परिच्छेद २१, नियम १८० अनुसार पदीय अनुकूल र पदीय आचरण अनुकूल कार्य नगरेको कांग्रेससहित सात दलको आरोप थियो । प्रस्ताव पत्रमा सभामुख मण्डलले प्रदेश सभामा एक दलको निर्देशन बमोजिम पटक पटक सभा सञ्चालन गरेको, विपक्षी दलका उपस्थिति बिना पनि सभा सञ्चालन गरेको लगायतका आरोपहरू उल्लेख रहेको छ ।

यादवअघि मुख्यमन्त्री जितेन्द्र सोनल थिए । उनले विश्वासको मत लिन आह्वान गरेको प्रदेश सभा बैठकमा सोनललगायत मन्त्रीपरिषदका सांसदहरू अनुपस्थित हुँदा पनि मण्डलले सभा अघि बढाएका थिए । विवाद बढेपछि मुख्यमन्त्री सोनलले प्रदेश सभा बैठकमै राजिनामा घोषणा गरेका थिए । त्यसपछि जनता समाजवादी पार्टी नेपाल, लोकतान्त्रिक समाजवादी पार्टी, नेपाली कांग्रेस, नेकपा एकीकृत समाजवादी, नागरिक उन्मुक्ति पार्टी, जनमत पार्टी र नेकपा माओवादी केन्द्रले नयाँ मुख्यमन्त्री चयन प्रक्रिया अभि बढाउनुपर्ने माग गरेका थिए ।

क्रमशः पृष्ठ २ मा

## कुलमानलाई भावी प्रधानमन्त्रीका रूपमा अघि सार्‍यो उज्यालो नेपालले

- संघीयताको अभ्यासलाई कायम राख्दै व्यावहारिक, परिणाममुखी र प्रभावकारी बनाउनुपर्ने
- प्रदेशहरूमा प्रत्यक्ष निर्वाचित मुख्यमन्त्रीसहित पाँच सदस्यीय मन्त्रिमण्डल रहने व्यवस्था गर्नुपर्ने
- सांसद सदस्य नभएका विज्ञहरूलाई मन्त्री बनाउन सकिने व्यवस्था गर्नुपर्ने
- परराष्ट्रमन्त्री, गृहमन्त्री, कानूनमन्त्री र रक्षामन्त्री संघीय संसद्को सदस्यबाटै चयन गर्नुपर्ने
- समानुपातिक सांसद र मनोनित सांसद एक पटकको लागि मात्र हुने व्यवस्था, स्थानीय तहको चुनाव गैरदलीय आधारमा हुनुपर्ने




■ **जेबी योञ्जन**

**काठमाडौं–** उज्यालो नेपाल पार्टीले कुलमान घिसिङलाई भावी प्रधानमन्त्रीका रूपमा अघि सारेको छ । प्रज्ञा भवनमा उज्यालो नेपालले घोषणा सभा गर्दै उर्जासहित तीन मन्त्रालय सम्हालिरहेका घिसिङलाई भावी प्रधानमन्त्रीका रूपमा अघि सारेको हो ।

काठमाडौंको प्रज्ञा भवनमा बुधबार आयोजित घोषणा सभाको सुरुमा नागरिक अभियन्ताका रूपमा चिनिएका सुन्दरमणि दीक्षितमार्फत कुलमानलाई भावी प्रधानमन्त्रीको रूपमा अघि बढ्न सुझाएका थिए । 'प्रधानमन्त्रीका नाममा मैले पहिले पनि चर्चा गरेकै हो । उहाँको क्षमता छ,' दीक्षितले भने ।

संसदीय व्यवस्था पूर्णतय असफल भएको उल्लेख गर्दै दीक्षितले कुलमानलाई कार्यकारी प्रधानमन्त्री बन्न सुझाएका थिए । कुलमानकै नामा स्थापना भएको यो दलको नेतृत्वमा अनुप उपाध्याय अध्यक्ष छन् । उज्यालो नेपालले अध्यक्षमा उपाध्यायलाई नै निरन्तरता दिएर कुलमानलाई प्रधानमन्त्रीका रूपमा अघि सारेको स्वयम् कुलमानकै अभिव्यक्तिबाट पुष्टि हुन्छ ।

चिलिमे हाइड्रोमा सफल नेतृत्व गरेको सम्झँदै कुलमानले लोडसेडिङ हट्नु त्यसको निरन्तरता भएको बताए । विद्युत प्राधिकरणबाट एमाले-कांग्रेस नेतृत्वको सरकारले ४ महिना बाँकी छँदै निकालेको घटनाले आफूलाई मन्त्री बनाएको र अबको योजना प्रधानमन्त्री बन्ने भएको सुनाए । यसैका लागि उज्यालो नेपाल दल स्थापना भएको उनको भनाई थियो । 'अब यहाँबाट निस्किएपछि कहाँ जाने भन्ने तपाइँहरूलाई लागिरहेको होला, अब देशकै नेतृत्व गर्नुपर्छ जस्तो लागिरहेको छ,' घिसिङले भने । कुलमानले देशलाई सही ढंगले चलाउन सही समयमा सही नेता चाहिने बताए ।

क्रमशः पृष्ठ २ मा

### घोषणापत्रमा शासकीय सुधारलाई प्राथमिकता

उज्यालो नेपालले समानुपातिक समावेशी प्रतिनिधित्व सुनिश्चित रहने गरी निर्वाचन प्रणालीमा सुधार गर्नुपर्ने प्रस्ताव अगाडि सारेको छ ।

पार्टी घोषणासभामा पार्टीको घोषणापत्र सार्वजनिक गर्दै उक्त पार्टीले नेपालमा संघीयताको अभ्यासलाई कायम राख्दै व्यावहारिक, परिणाममुखी र प्रभावकारी बनाउनुपर्ने प्रस्ताव राखेको छ । घोषणापत्रमा भनिएको छ, 'समानुपातिक सांसद र मनोनित सांसद एक पटकको लागि मात्र हुने व्यवस्था गरिनुपर्दछ, स्थानीय तहको चुनाव गैरदलीय आधारमा हुनुपर्छ ।'

देशको जनसंख्या, भूगोल, पहिचान, सामर्थ्य र आर्थिक सम्भावनालाई मध्यनजर गर्दै प्रदेश र स्थानीय तहको संरचना र संख्या पुनरावलोकन, बृहत राष्ट्रिय सहमतिको आधारमा सङ्घीयतासँग जोडिएका विषयलाई सम्बोधन, शासकीय सुधारका सन्दर्भमा विभिन्न समयमा भएका अध्ययनबाट प्राप्त भएका सुझावका आधारमा मन्त्रालयको संख्या पुनरावलोकन गरिनुपर्ने पार्टीको धारणा छ ।

पार्टीले संविधानलाई गतिशील दस्तावेजको रूपमा स्वीकार गरेको छ ।

क्रमशः पृष्ठ २ मा

**सन्दर्भ: वैदेशिक रोजगार**

## घरेलु कामदारका रूपमा विदेशिने महिला हिंसाको सिकार

### सरकारको तर्क : *छकाएर जानु नै कमजोरी*

सरकारले महिलालाई खाडीमा घरेलु कामदारका रूपमा जान विभिन्न शर्तहरु लगाएका कारण प्रतिबन्ध जस्तै अवस्था छ । जसकारण उनीहरु लुकिछिपी जान्छन् । त्यसरी गएका महिला नीजि घरमा काम गर्छन् । घरको मालिकले विभिन्न रूपमा हिंसामा पार्छन्

■ **गणेश गुरुङ, श्रमविद्**

सरकारले प्रतिबन्ध लगाएका मुलुकमा हामीलाई छकाएर जानु स्वयम् व्यक्तिको पनि कमजोरी हो । त्यसरी जाँदा हुने जोखिमको विषयमा चेतना जगाउनेजस्ता कार्य भइरहेको छ

■ **पीताम्बर घिमिरे, प्रवक्ता**
**श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय**

■ **ममता थापा**

**काठमाडौं–** घरेलु कामदारका रूपमा रोजगारीमा जाने धेरैजसो महिला हिंसाको सिकार हुने गरेको सरोकारवालाहरूले बताएका छन् । विशेषगरी खाडी मुलुकमा घरेलु कामदारका रूपमा जाने बढी जोखिममा रहेको उनीहरूले बताएका हुन् ।



पछिल्ला वर्ष महिलाहरू वैदेशिक रोजगारीमा जाने क्रम बढ्दो छ । गत आर्थिक वर्ष २०८१/८२ मा ९४ हजार ४५५ जना महिला श्रम स्वीकृति लिएर रोजगारीमा गएका थिए । त्यस्तै २०८०/८१मा ८० हजार १७२ जना महिला रोजगारीमा गएको वैदेशिक रोजगार विभागको तथ्याङ्क छ । यो संख्या संस्थागत, व्यक्तिगत र श्रम स्वीकृति लिएर जानेहरूको हो ।

अवैधानिक बाटोबाट कति महिलाहरू जान्छन् भन्ने यकिन तथ्याङ्क छैन । सरकारी तथा गैरसरकारी निकायकाअनुसार खाडीमा हाल चार लाखको हाराहारीमा घरेलु कामदार कार्यरत छन् । यसरी काम गर्नेहरू अधिकांश अवैध माध्यमबाट गएकाहरू रहेको बताइँदै आएको छ ।

रोजगारीमा विभिन्न पेशामा महिला कामदारहरू जाने गरेपनि दुर्व्यवहारमा घरेलु कामदार नै परेको नेपाल वैदेशिक रोजगार महिला व्यवसायी संघकी अध्यक्ष प्रतिमा महर्जन गुरुङले बताइन् । सरकारले श्रम स्वीकृति दिएर पठाउने हो भने समस्यामा परिहाले पनि उद्धार गर्न सहज हुने महर्जनको भनाइ छ ।

'हाउसमेडहरू दुर्व्यवहारमा पर्दै आएका छन् । मध्यपूर्वमा जानेहरूलाई सरकारले श्रम स्वीकृति दिएर पठाउने व्यवस्था भएको भए पठाउने कम्पनीले पनि उद्धार गर्थ्यो होला,' महर्जनले भनिन्, 'अहिले घरेलु कामदारका रूपमा जोर्डन गइरहेका छन्, उनीहरू कुनै पनि समस्यामा छैनन् ।'

सरकारले अवैधानिक रूपमा जानेहरूलाई शत प्रतिशत रोक्न नसक्ने भए श्रम स्वीकृति लिएर जान दिनुपर्ने महर्जनको भनाइ छ । संस्थागत माध्यमबाट गएकाहरू भने यदि समस्यामा परिहालेको अवस्थामा मेनपावरले समन्वय गर्दै आएको उनको दाबी छ । संसदको श्रम तथा उपभोक्ता हित समितिले खाडी र मलेसियामा घरेलु कामदार हिंसामा परेको भन्दै २०७३मा घरेलु कामदारका रूपमा जान रोक लगाएको थियो ।

क्रमशः पृष्ठ २ मा

## पोर्चुगलको मदेइरामा घुम्ती शिविर सञ्चालन हुने

- मदेइरा आइल्याण्डबाट दूतावास धाउन टाढा भएकै कारण सो क्षेत्रमा बसोबास गर्ने नेपालीलाई राहदानी नवीकरणलगायतका कागजात प्रमाणीकरणमा समस्या नहोस् भन्ने उद्देश्यले टोली खटाएरै सेवा दिन लागेका हौं ।

**पोर्चुगल–** पोर्चुगलको मदेइरा आइल्याण्डमा राहदानी नवीकरण तथा कागजात प्रमाणीकरणसम्बन्धी दुई दिने घुम्ती शिविर सञ्चालन हुने भएको छ । लिस्बनस्थित रहेको नेपाली दूतावासको टोलीले यही डिसेम्बर ६ र ७ तारिख (शनिबार र आइतबार) मदेइरा आइल्याण्डको फुन्चालमा राहदानी नवीकरण तथा कागजात प्रमाणीकरण (कन्सुलर सेवा) सम्बन्धी दुई दिने घुम्ती शिविर सञ्चालन गर्ने भएको हो ।

दूतावासका अनुसार शिविरमा राहदानी नवीकरण, प्रहरी चारित्रिक प्रमाणपत्र (प्रहरी रिपोर्ट), पारिवारिक कागजातलगायत अन्य कागजात प्रमाणीकरण, अधिकृत वारेसनामा प्रमाणीकरण लगायतका सेवा प्रदान गर्नेछ ।

टोलीले राहदानीको म्याद सकिएका, हराएका, क्षति भएका तथा राहदानीको म्याद छ महिनाभन्दा कम रहेकाहरूको विद्युतीय राहदानी (ई-पासपोर्ट) का लागि जैविक विवरणसहितको आवेदन सङ्कलन गर्ने दूतावासले जनाएको छ ।

राहदानी नवीकरण तथा प्रहरी चारित्रिक प्रमाणपत्र (प्रहरी रिपोर्ट)लगायतका कागजात प्रमाणीकरणसम्बन्धी समस्यामा परेका नेपालीलाई सहज सेवा उपलब्ध गराउने योजनाअनुरूप मदेइरामा घुम्ती शिविर सञ्चालन गर्न लागिएको पोर्चुगलका लागि नेपाली राजदूत प्रकाशमणि पौडेलले बताए ।

'मदेइरा आइल्याण्डबाट दूतावास धाउन टाढा भएकै कारण सो क्षेत्रमा बसोबास गर्ने नेपालीलाई राहदानी नवीकरणलगायतका कागजात प्रमाणीकरणमा समस्या नहोस् भन्ने उद्देश्यले टोली खटाएरै सेवा दिन लागेका हौं', राजदूत पौडेलले भने, 'हामीले सो क्षेत्रका नेपालीको सहजताका लागि दूतावासको बिदाको दिनलाई सदुपयोग गरेर शिविर सञ्चालन गर्न लागेका हौं ।'

शिविरबाट त्यहाँ रहेका धेरै नेपाली लाभान्वित हुने अपेक्षा गरिएको उनले बताए । घुम्ती शिविर सञ्चालन हुने भएपछि राहदानी नवीकरण तथा कागजात प्रमाणीकरणसम्बन्धी समस्यामा परेका सो क्षेत्रका नेपालीलाई राहत मिल्ने भएको छ । यसअघि गत महिना पनि दूतावासले पोर्चुगलको फारो सहरमा घुम्ती शिविर सञ्चालन गरेको थियो । *रासस*

## पृष्ठ १ बाट क्रमशः

## कुलमानलाई...

'यसबाट प्रष्ट देखिन्छ, सिस्टम र आइडोलोजीलेमात्र देश नबन्ने रहेछ । लिडरसिप चाहिने रहेछ । यो सुवर्ण समय हो । सही व्यक्ति सही समयमा चुन्नुस् । बुढो भएर प्रधानमन्त्री चलाउन सक्दैन,' कुलमानले भने ।

आफूलाई प्रधानमन्त्री बनाउन भन्दै कुलमानले केही आकर्षक नारासमेत अघि बढाएका छन् । पहिलो हो समृद्ध नेपाल - यसका लागि बिजुली बेचेर देश धनी बन्ने । त्यसपछि १० वर्षमा हरेक नेपालीले निशुल्क बिजुली पाउनेछन् । त्यसपछि निशुल्क शिक्षा र निशुल्क स्वास्थ्य हुने उनले बताए ।

यसपछि नेपाली खाडीमा जाने होइन, विदेशी नेपालमा आएर काम गर्ने वातावरण स्वत तयार हुने कुलमानको दाबी रह्यो । कुलमानले प्रवासमा रहेका नेपालीलाई सम्बोधन गर्ने गरी एकपटकको नेपाली सधैंको नेपाली नारालाईसमेत आफ्नो घोषणापत्रमा अटाएका छन् ।

### कुलमानलाई क-कसको साथ ?

मंगलबार प्रधानमन्त्रीको कुर्सी ताकेका मन्त्री घिसिङ डेढ दशकअघि उनी रसुवाको चिलिमे जलविद्युत आयोजनाका प्रमुख थिए, समुदायको सहभागितामा निर्माण भएको उक्त आयोजना दक्षिण एसियामै 'रोलमोडल' आयोजना मान्ने गरिन्छ । तर, एमालेकी तत्कालीन ऊर्जामन्त्री राधा ज्ञवालीले उनलाई ऊर्जा मन्त्रालय तानेर विनाविभागीय बनाएका थिए । पछि प्रधानमन्त्री पुष्पकमल दाहाल र ऊर्जामन्त्री जनार्दन शर्मा हुँदा उनै घिसिङले विद्युत् प्राधिकरणको कार्यकारी निर्देशक बन्न अवसर पाए, उनकै कार्यकालमा देशबाट लोडसेडिङ अन्त्य भयो । त्यसो हुनाले उनलाई लोडसेडिङ अन्त्यको जस जाने गरेको छ । उनै घिसिङ दोस्रो पटक कार्यकारी निर्देशक हुँदा गत वर्ष करिब चार महिना कार्यकाल छँदै केपी शर्मा ओली सरकारको बर्खास्तीमा परे । गत भदौको जेन-जी विद्रोहपछि गठित नागरिक सरकारमा तीन मन्त्रालय हाँकिरहेका घिसिङले दलको घोषणासँगै प्रधानमन्त्री ताकेका हुन् ।

के उनको प्रधानमन्त्री बन्ने लक्ष्य पूरा होला ? त्यसका लागि आगामी प्रतिनिधिसभा निर्वाचन कुर्नुपर्छ । तर, उनी सुशीला कार्की मन्त्रिपरिषद्मा सर्वाधिक लोकप्रिय मन्त्री हुन् । राजनीतिशास्त्री डा. तारानाथ घिमिरेका अनुसार कुलमानको व्यक्तिगत लोकप्रियताले मतदातालाई आर्कषित गर्न सक्छ । उनले प्रभावसँग भने, 'लोडसेडिङ हटाएको भन्दै नागरिक तहमा उनीप्रति आर्कषण छ ।'

उनको दलमा सेलिब्रेटी, चर्चित र हेभिवेट अनुहारले आशा देखाएका छन् । भनिन्छ, काठमाडौं महानगरपालिकाका प्रमुख बालेन साहले पनि समर्थन गरेका छन् । स्रोतको दाबीमा कुलमान प्रधानमन्त्री र बालेन अध्यक्ष बन्नेगरिको समझदारी भएको छ । तर, औपचारिक पुष्टि भएको छैन ।

यसबाहेक नागरिक तहमा पुराना राजनीतिक शक्तिहरू कांग्रेस, एमाले र नेपाली कम्युनिस्ट पार्टीप्रति असन्तुष्टि कायमै छ । कतिपय मतदाताहरू आगामी निर्वाचनमा ती दलहरूलाई देखाउने मुडमा छन् । यस्तोमा कुलमान संरक्षक रहेको उज्यालो नेपाल दलले ती मतदातालाई आकर्षित गर्न सक्ने राजनीतिशास्त्री घिमिरेको बुझाइ छ ।

अर्कोतिर, पार्टीमा पहिचानपक्षधरहरू नेताहरू प्रा.डा. महेन्द्र सुन्दर लावती, पूर्वराजदूत गणेश योञ्जन, डा. मुक्तसिंह थोकर, डकेन्द्रसिंह थेगिमलगायत नेताहरू कुलमानका सारथी छन् । पहिचानवादी धाराका यी चर्चित नेताहरू हुन् । त्यसले गर्दा पनि पहिचानपक्षधरहरूको मत उज्यालो नेपाल पार्टीले पाउने विश्लेषण हुन थालेको छ ।

यस्तै, कुलमानले उज्यालो नेपाल अभियान घोषणा गरेकै बहराइनमा थियो । दल गठन गर्दा प्रवासी नेपालीहरूको साथको अपेक्षासँग त्यो घटना जोडिन्छ । हालै गृहमन्त्रालयले प्रवासी नेपालीहरूलाई मताधिकारको कानुनी व्यवस्था गर्न लागेको छ । त्यसका लागि अध्यादेश ल्याउन लागेको छ ।

■■■

## घोषणापत्रमा...

पार्टीकी केन्द्रीय सदस्य रिमा विश्वकर्माले घोषणापत्र सार्वजनिक गर्दै नेपालको उज्यालो भविष्यको लागि वर्तमान संविधानका केही व्यवस्थाहरू संशोधन गर्नुपर्ने, सांसद सदस्य नभएका विज्ञहरूलाई मन्त्री बनाउन सकिने व्यवस्था गर्नुपर्ने तर परराष्ट्रमन्त्री, गृहमन्त्री, कानूनमन्त्री र रक्षामन्त्री संघीय संसद्को सदस्यबाटै चयन गर्नुपर्ने, प्रदेशहरूमा प्रत्यक्ष निर्वाचित मुख्यमन्त्रीसहित पाँच सदस्यीय मन्त्रिमण्डल रहने व्यवस्था गर्नुपर्ने पनि जोड दिएको छ ।

घोषणापत्रअनुसार उक्त पार्टीले राज्यको क्षमता बढाएर गाँस, बास, कपास, शिक्षा र स्वास्थ्यलाई राज्यको अनिवार्य दायित्वभित्र पार्ने र स्वदेशी पुंजी परिचालन गरी रोजगारी सिर्जना गर्ने पार्टीको मुख्य ध्येय छ । पुराना राजनीतिक दलहरूले व्यवस्था परिवर्तन गरे पनि जनमुखी शासकीय क्षमता प्रदर्शन गर्न नसकेको आरोप लगाउँदै पार्टीले भ्रष्टाचार विरुद्ध शून्य सहनशीलता अपनाउने र भ्रष्टाचारबाट आर्जित सम्पत्ति छानबिन गरी जफत गर्ने नीति अख्तियार गर्ने जनाएको छ ।

घोषणापत्रमा भनिएको छ, 'एकै संसदीय निर्वाचन क्षेत्रबाट लगातार तेस्रो पटक उम्मेदवार हुन नपाइने व्यवस्था हुनुपर्छ, प्रदेशमा सांसद रहने व्यवस्था हटाइ प्रदेशसभाको काम गर्नेगरी स्थानीय तहको प्रमुख र उपप्रमुखको प्रतिनिधित्व हुने प्रदेश परिषद् बनाउनुपर्छ, प्रदेश परिषद्ले ऐन पारित गर्ने व्यवस्था गर्दै प्रधानमन्त्री निर्वाचित भइसकेपछि जुनसुकै अवस्थामा संसद्को आधा कार्यकाल सरकार सञ्चालन गर्ने सुनिश्चितता गर्नुपर्छ ।'

■■■

## मधेशमा...

तर केपी शर्मा ओली नेतृत्वको सरकारले नियुक्त गरेकी प्रदेश प्रमुखले बिरामीको बाहना गरी होटलबाट यादवलाई मुख्यमन्त्री नियुक्त गरेकी थिइन् । जसकारण प्रदेश प्रमुख हुँदै सभामुख पनि पदमुक्त भएपछि एमालेले मुख्यमन्त्री गुमाएको हो । बुधबार विश्वासको मत प्रक्रियाका क्रममा विपक्षी सात दलका सांसद बैठकमा उपस्थित नभएपछि यादवले राजीनामा दिएका हुन् ।

बैठकमा राप्रपाकी मन्त्री कञ्चन बिच्छा र नेपाल सङ्घीय समाजवादी पार्टीकी मन्त्री विमला अन्सारी भने उपस्थित भएकी थिइन् । राजीनामा दिनुअघि मुख्यमन्त्री यादवले आफ्नो नियुक्ति नै बाध्यात्मक रहेकाले विश्वासको मत अनिवार्य रूपमा लिनुपर्ने स्थिति नरहेको दाबी गरे । आफ्नो २२ दिनको कार्यकाल जनतामुखी काममा केन्द्रित रहेको उल्लेख गर्दै यादवले भने, 'म कुर्सीसँग होइन, सांसदहरूसँग विश्वासको मत लिने हो । तर, उनीहरू बैठकमै आएनन् । त्यसैले राजिनामा घोषणा गर्दछु ।' बैठक सञ्चालन गरिरहेकी उपसभामुख ईसरले मुख्यमन्त्री यादवले राजीनामा घोषणा गरिसकेको हुँदा विश्वासको मतसम्बन्धी प्रक्रिया अघि बढाउनुपर्ने आवश्यता नरहेको बताउँदै सभा स्थगित गरेकी थिइन् ।

■■■

## घरेलु...

सरकारको निषेध गर्ने नीतिका कारण महिला हिंसाको उत्पत्ति भएको श्रमविद् गणेश गुरुङ बताउँछन् ।

'सरकारले महिलालाई खाडीमा घरेलु कामदारका रूपमा जान विभिन्न शर्तहरू लगाएका कारण प्रतिबन्ध जस्तै अवस्था छ । जसकारण उनीहरू लुकिछिपी जान्छन्,' गुरुङले भने, 'त्यसरी गएका महिला नीजि घरमा काम गर्छन् । उनीहरू दूतावाससम्म सम्पर्कमा हुँदैनन् । घरको मालिकले विभिन्न रूपमा हिंसामा पार्छन् ।'

स्वदेशबाट प्रक्रिया थाल्दादेखि गन्तव्य मुलुकमा घरमा पुग्दासम्म नै महिलाहरू आर्थिक, मानसिक र शारीरिक हिंसाको जोखिममा हुने गरेको गुरुङले बताए । यसरी खाडीमा जानेहरू श्रमिकको परिभाषाभित्र नपर्ने र घरको मालिकले नीजि सम्पत्ति जसरी व्यवहार गर्ने गरेको उनको भनाइ छ ।

'खाडीमा जाने घरेलु कामदार श्रमिकको परिभाषाभित्र पर्दैनन् । उनीहरूको संस्कारमा घरेलु कामदार राख्नु सम्मानको विषय रहेछ । त्यस्ता कामदारलाई नीजि सम्पत्ति जस्तो व्यवहार गर्ने चलन रहेछ,' गुरुङले भने ।

युरोप लगायतका क्षेत्रमा भने मानव अधिकारको अवस्था राम्रो भएको र प्रहरीमा सम्पर्क गर्न पाउने जस्ता कारणले त्यहाँ तुलनात्मक रूपमा कम हिंसा हुने उनको भनाइ छ । लुकिछिपी जाने भएकाले यसरी कति जान्छन् भनेर आँकलन गर्न नसक्दा थप समस्या भएको उनले औंल्याए । नीति परिवर्तन गरेर प्रतिबन्धको प्रावधान हटाइनुपर्नेमा उनले जोड दिए ।

### 'सरकारलाई छकाएर जानु व्यक्तिको कमजोरी'

सरकारले जोखिम छ भनेर प्रतिबन्ध लगाएका मुलुकहरूमा जानु स्वयम् कामदारको कमजोरी भएको श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयका सहसचिव तथा प्रवक्ता पीताम्बर घिमिरेले बताए । यसरी नजान सरकारले सचेतना कार्यक्रमहरू गरिरहेको र गएर समस्यामा परेकाहरूलाई आवश्यक सहयोग गरिरहेको उनको भनाइ छ ।

'सरकारले प्रतिबन्ध लगाएका मुलुकमा हामीलाई छकाएर जानु स्वयम् व्यक्तिको पनि कमजोरी हो । त्यसरी जाँदा हुने जोखिमको विषयमा चेतना जगाउनेजस्ता कार्य भइरहेको छ,' घिमिरेले भने, 'यद्यपि त्यसरी गएकाहरू पनि समस्यामा परे सरकार पन्छिन मिल्दैन । उनीहरूको उद्धार, क्षतिपूर्ति, स्वदेश फिर्तीलगायतमा सरकारले सहयोग गर्छ ।'

सरकारले घरेलु कामदार क्रमिक रूपमा खुलाउने भन्दै सुरुमा युएईमा पठाउनका लागि पाइलट प्रोजेक्ट सुरु गर्ने भनिए पनि उक्त विषय अध्ययनकै क्रममा रहेकाले पठाउने या नपठाउने भन्ने टुङ्गो लागि नसकेको घिमिरेले बताए । यद्यपि खाडी मात्र नभएर अन्य मुलुकमा जाने महिलाहरू पनि हिंसामा नपरुन् भनेर सरकार सजग रहेको उनको भनाइ छ ।

'अन्यत्र जाने महिलाको हकमा द्विपक्षिय श्रम सम्झौतामा कार्यस्थलको हिंसा, लैङ्गिक हिंसा हुन नदिने कुरामा जोड दिँदै आएका छौं । श्रम सहचारी र दूतावासमार्फत सुरक्षाका उपायहरू अवलम्बन भए नभएको अनुगमन गर्ने गरेका छौं,' घिमिरेले भने, 'वैदेशिक रोजगारीमा जाँदाको सिलसिलामा देशभित्र हिंसा भयो भने सम्बन्धित निकायमा पठाइदिने, सहजीकरण गर्ने लगायत धेरै काम भएका छन् ।'

---

### मोटरसाइकल हराएको सूचना

मिति २०८२।०८।१५ गते रौतहट जिल्ला बौद्धिमाई न.पा.वडा नं.५ सानो कोपवामा पार्किङ गरिराखेको अवस्थामा ग्रे कलरको (FZ-V3) १५० सि.सि. यामाहा मोटरसाइकल अन्दाजी रातिको २:०० बजेको समयमा हराएको हुँदा पाउनु हुने वा देख्नुहुने महानुभावहरूले नजिकैको प्रहरी कार्यालय वा तलको ठेगानामा सम्पर्क गरिदिनु हुन बिनम्र अनुरोध गर्दछु ।

धनीको नाम : आकाश जयसवाल
बाइक नं. : बा.प्र. ०२-०५० प ८५३१
च्यासिस नं.: MEIRG8816R0003486
इन्जिन नं. : G3N5E0436313
ठेगाना : रौतहट जिल्ला बौद्धिमाई-५
सम्पर्क नं. ९८०८१५२२३३

---

### कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**तेस्रो पटक प्रकाशित मिति : २०८२/०८/१८ गते**

यस कम्पनीको मिति २०८२/०८/०५ को साधारणसभा/विशेष साधारणसभाको निर्णय बमोजिम साविक कम्पनी **न्यू सूर्य माउन्ट ईङ्गलिस बोर्डिङ स्कुल काभ्रे**को नाममा रहेको सम्पूर्ण चलअचल, सम्पत्ति तथा तिर्नु व्यहोर्नुपर्ने सम्पूर्ण कर दायित्व आदि नाम परिवर्तित कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०८२/०८/०८ गतेको निर्णय अनुसार नाम परिवर्तन गरी **माउन्ट भ्यू ईङ्गलिस बोर्डिङ स्कुल काभ्रे (प्रा.लि.नं. २२८३९)** कायम गरिएको व्यहोरा सम्बद्ध सबैका लागि जानकारी गराइन्छ ।

---

### अर्वान बचत तथा ऋण सहकारी संस्था लि.
### Urban Savings & Credit Co-operative Ltd.
Kamaladi, Kathmandu, Tel:5356576

### वार्षिक साधारण सभा सम्बन्धी सूचना

**यस संस्थाको मिति २०८२ मंसिर १६ गते बसेको सञ्चालक समितिको बैठकले निर्णय गरे बमोजिम सत्रौं वार्षिक साधारण सभा देहायका विषयहरु उपर छलफल गरी निर्णय गर्नका लागि निम्न लिखित मिति, स्थान र समयमा बस्ने भएकाले सम्पूर्ण शेयर सदस्य महानुभावहरुलाई उपस्थितिका लागि हार्दिक अनुरोध गर्दछु ।**

**सभा हुने मिति, स्थान र समय :**
**हस्ताक्षर गर्ने मिति:** २०८२/०८/२४ देखि २०८१/०९/०४ गते शुक्रबार सम्म ।
**सभा हुने मिति :** २०८२ पौष ४ गते शुक्रबार ।
**स्थान :** संस्थाको कार्यालय, कमलादी, काठमाडौं ।
**समय :** बिहान ११:०० बजे ।

**छलफलका विषयहरु :**
१. सञ्चालक समितिको वार्षिक प्रतिवेदन सम्बन्धमा ।
२. लेखा समितिको प्रतिवेदन सम्बन्धमा ।
३. आ.ब. ०८१/०८२ को लेखा परिक्षकको प्रतिवेदन तथा नाफा नोक्सान हिसाव स्वीकृत गर्न सम्बन्धमा ।
४. निर्णय पुस्तिकामा हस्ताक्षर गर्न सञ्चालक समितिको तर्फबाट र सदस्यहरुको तर्फबाट प्रतिनिधिको नियूक्ति सम्बन्धमा ।
५. आ.ब. ०८२/०८३ को लेखा परिक्षकको नियुक्ती र निजको पारिश्रमिक तोक्ने सम्बन्धमा ।
६. विविध ।

**सञ्चालक समितिको तर्फबाट**
**सचिव**

---

### कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**दोस्रो पटक प्रकाशित मितिः २०८२/०८/१८**

**कर्तब्य फुड्स प्रा. लि.** को मिति २०८२/०८/०७ गते सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **फुड पार्क प्रा. लि. (Pashupati) (प्रा.लि नं. २६२०७१)** कायम गर्ने गरी मिति २०८२/०८/१६ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

---

दावी विरोध सम्बन्धी
वैदेशिक रोजगार विभाग, काठमाडौंको

### सूचना

प्रकाशित मितिः २०८२/०८/१८

नेपाल सरकारबाट वैदेशिक रोजगार व्यवसाय संचालन गर्न इजाजत प्राप्त संस्था **GREEN STAR OVERSEAS PVT. LTD. (ई.प.नं.** 257/058/59) को संचालक/शेयरधनीले आफ्नो नाममा कायम रहेको शेयरहरु दा.खा. नामसारी गरि पाउन कम्पनी रजिष्ट्रारको कार्यालयका नाममा सहमतिको सिफारिश गरिदिन यस विभागमा निवेदन दिएको हुँदा माग बमोजिम मृत्युपछिको हक हस्तान्तरण शेयर दा.खा. नामसारीको सहमति दिँदा कोही कसैको हक स्वामित्व तथा लेनदेनमा असर पर्ने भए वा कसैलाई मर्का पर्ने भएमा यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र सबुद प्रमाण सहित **वैदेशिक रोजगार विभाग**मा सम्पर्क गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यस विभागको **मिति २०८२/०७/१९** को निर्णयानुसार यो सूचना प्रकाशित गरिएको छ । अन्यथा माग बमोजिम शेयर नामसारीको लागि सहमति भै जाने व्यहोरा समेत यसै सूचनाबाट जानकारी गराईन्छ ।

तपसिल

| साविक शेयरधनीहरुको नाम र शेयर संख्या | अब कायम हुने शेयरधनीहरुको नाम र शेयर संख्या |
|---|---|
| १. पुर्ण गुरूङ - ०१ देखि ८३३३ सम्म<br>२. सुवास चन्द्र रेग्मी - ८३३४ देखि १३५४१ सम्म<br>३. सुरज थापा - १३५४२ देखि २१८७५ सम्म<br>४. ज्ञान बहादुर सुनार - २१८७६ देखि २५००० सम्म | १. सुवास चन्द्र रेग्मी - ०१ देखि १३५४१ सम्म<br>२. ज्ञान बहादुर सुनार - १३५४२ देखि २५००० सम्म |

---

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनीको रजिष्ट्रारको कार्यालय
त्रिपुरेश्वर, काठमाडौं

### विशेष दर्ता खारेजी ३० (तीस) दिने सूचना !

**प्रकाशित मिति २०८२/०८/१८ गते**

यस कार्यालयमा मिति २०६४-०४-१८ मा दर्ता भएको प्रा.लि.नं.४७२३८ को **क्यापासिटि बिल्डिङ इन्टरनेशनल नेटवर्क** नामक कम्पनीले दफा १३६ 'क' अनुसार विशेष दर्ता खारेज गरी पाउँ भनी यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीले कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित एक दावीको लागि ३० (**तीस**) **दिन**भित्र यस कार्यालयमा दावी गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ । तोकिएको म्यादभित्र **हक दावी** गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ ।

---


### साउदीमा रोजगार
कम्पनी : AL-ASHQAR CONTRACTING COMPANY

पूर्व स्वीकृति मिति : २०८२/०८/१६ | LT. No. 334644 | चलानी नं. ६०२४८४२१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभरटाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cook | 2 | 0 | 1500 | ५७,४०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ मंसिर २५ गते (11th Dec. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

ALMIGHTY INTERNATIONAL MANPOWER SERVICES PVT.LTD.(JAYA SHREE HANUMAN) Govt. License No. 1440/074/75
Samakhushi-26,Kathmandu, Nepal, Tel: 015906717
E-mail : almighty.aims@gmail.com , Web: almightymanpower.com



### युएइमा रोजगार
कम्पनी : ARABIAN GULF SECURITY SERVICES L.L.C

पूर्व स्वीकृति मिति : २०८१/०२/११ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/०८/१७ | LT. No. 305267 | चलानी नं. ६०२२००२२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभरटाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 18 | 0 | 1200 | ४६,९३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ मंसिर २५ गते (11th Dec. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले | दिने | रोजगारदाता कम्पनीले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रोजगारदाता कम्पनीले | नि:शुल्क | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले |


**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


CONFIDENT INTERNATIONAL MANPOWER PVT.LTD
Sinamangal-9, Kathmandu, Nepal, Ph. No: 01-5918958-01-5918957
E-mail : confident1423@gmail.com, Web: www.confidentmanpower.com
श्रम ईजाजत नं. १४२३/०७४/७५



### कतारमा रोजगार
कम्पनी : EJLAL TRADING CONTRACTING & SERVICES W.L.L

पूर्व स्वीकृति मिति : २०८२/०८/१७ | LT. No. 334743 | चलानी नं. ६०२४८३६४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभरटाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Carpenter | 1 | 0 | 1200 | ४७,२६३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Foreman | 2 | 0 | 2500 | ९८,४६३ | | | | | | | |
| 3. | Helper | 1 | 0 | 1000 | ३९,३८५ | | | | | | | |
| 4. | Labour | 6 | 0 | 1000 | ३९,३८५ | | | | | | | |
| 5. | Painter | 1 | 0 | 1200 | ४७,२६३ | | | | | | | |
| 6. | Receptionist | 0 | 1 | 2500 | ९८,४६३ | | | | | | | |
| 7. | PLUMBER | 1 | 0 | 1200 | ४७,२६३ | | | | | | | |
| 8. | Mason | 1 | 0 | 1200 | ४७,२६३ | | | | | | | |
| 9. | Assistant Plumbers | 1 | 0 | 1200 | ४७,२६३ | | | | | | | |
| 10. | Assistant Mason | 1 | 0 | 1200 | ४७,२६३ | | | | | | | |
| 11. | Brick Mason | 1 | 0 | 1200 | ४७,२६३ | | | | | | | |
| 12. | electrician | 1 | 0 | 1200 | ४७,२६३ | | | | | | | |
| 13. | PIPE FITTER | 3 | 0 | 1200 | ४७,२६३ | | | | | | | |

कम्पनी : AL QUBA TRADING AND SERVICES

पूर्व स्वीकृति मिति : २०८२/०८/१७ | LT. No. 334742 | चलानी नं. ६०२४८३६६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभरटाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard | 1 | 0 | 1800 | ७०,८९४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Receptionist | 1 | 1 | 2500 | ९८,४६३ | | | | | | | |
| 3. | Office Cleaner | 0 | 1 | 1200 | ४७,२६३ | | | | | | | |
| 4. | Marketing Specialist | 1 | 0 | 3600 | १,४१,७८७ | | | | | | | |
| 5. | Dry Clean Worker | 0 | 1 | 1100 | ४३,३२४ | | | | | | | |
| 6. | Hotel Cleaner | 0 | 1 | 1200 | ४७,२६३ | | | | | | | |
| 7. | Steel Fixer Labor(Structural Steel | 1 | 0 | 1500 | ५,९०,७८ | | | | | | | |
| 8. | Service Agents | 0 | 1 | 2500 | ९८,४६३ | | | | | | | |
| 9. | DRIVER TRUCK | 2 | 0 | 2000 | ७८,७७० | | | | | | | |
| 10. | Representative | 1 | 0 | 2500 | ९८,४६३ | | | | | | | |
| 11. | Marketing Represnt | 1 | 0 | 3600 | १,४१,७८७ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ मंसिर २५ गते (11th Dec. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |


**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


Sunlight Recruitment Service Pvt.Ltd.
Shantinagar, Kathmandu, Nepal Tel.01-4620777, E-mail: info@sunlightrecruitment.com.np, sunlightrecruitmentservice@gmail.com, Website : www.sunlightrecruitment.com.np



### जापानमा रोजगार
कम्पनी : RAKUICHI PARTNERS BUSINESS COOPERATIVE

पूर्व स्वीकृति मिति : २०८२/०८/१५ | LT. No. 334357 | चलानी नं. ६०२४८२००

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब YEN | मासिक तलब ने.रू. | ओभरटाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Waterproofing | 3 | 0 | 210000 | १९३,७१५ | क.नि. अनुसार | ८ घण्टा | ५ दिन | क.नि. अनुसार | छैन | छैन | ३ वर्ष |

**प्रबर्धन खर्च : ४०,०००**

■ **प्रशिक्षार्थीको आवश्यक न्यूनतम योग्यता र काम गरेको अनुभव:**
(क) नेपाली नागरिक हुनुपर्ने । (ख) प्रशिक्षार्थीको उमेर १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको हुनुपर्ने । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरूमा तीन वर्ष पूर्व दर्ता भई सञ्चालन भई रहेका औद्योगिक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघ संस्था, होटल, पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने । (घ) कृषि सम्बन्धि कामको निमित्त सम्बन्धित उद्यम/उद्योग वा सम्बन्धित विषयको सहकारी वा सामुदायिक संस्थामा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने । (ङ) प्रशिक्षार्थीले जापानमा प्रशिक्षार्थी कामदारको रूपमा खोजेको विषयमा नै नेपालको उद्योग, प्रतिष्ठान, संस्था वा निकायहरूमा काम गरिरहेको हुनुपर्ने । (च) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिएको हुनुपर्ने ।

■ **दरखास्त साथ पेश गर्नुपर्ने आवश्यक कागजातहरू:**
(क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ख) राहदानी प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरूमा तीन वर्ष पूर्व दर्ता भई सञ्चालन भई रहेका औद्योगिक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघ संस्था, होटल, पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव सम्बन्धि प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (घ) कामदार जापानमा प्रशिक्षार्थी कामदारको रूपमा जान खोजेको विषयमा नै नेपालको उद्योग, प्रतिष्ठान, संस्था वा निकायहरूमा काम गरिरहेको हुनुपर्नेछ । (ङ) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिई उत्तीर्ण गरेको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (च) अभिमुखिकरण तालिम लिएको सक्कल प्रमाणपत्र । (छ) नेपालमा आफू कार्यरत रहेको सम्बन्धित उद्योग, प्रतिष्ठान, निकाय वा संस्थाको सिफारिस र नेपाल फर्कि आएपछि पुनः काममा लगाउनेछु भनी सम्बन्धित संस्थाले गरेको प्रतिवद्धता पत्र । (ज) प्रशिक्षार्थी कामदारको रूपमा तालिम लिई नेपाल फर्किएपछि सम्बन्धित उद्योगमा नै काम गर्ने भनि आफू कार्यरत संस्था वा निकाय समक्ष गरेको प्रतिवद्धता सम्बन्धि कागजातको प्रतिलिपि ।
१. दरखास्त बुझाउनु पर्ने स्थान र अन्तिम मितिः स्थानः प्रा.लि.को कार्यालय, मितिः यो सूचना प्रकाशित भएको मितिले ८ दिन भित्र ।
२. प्रशिक्षार्थीले तिर्नुपर्ने (सेवा शुल्क, यातायात, भिषा तथा प्रवर्द्धन खर्च समेतको) कूल खर्चः नि:शुल्क
३. प्रशिक्षार्थी छनौट गर्ने तरिका, मिति र स्थानः छनौट तरिकाः अन्तर्वार्ता, स्थानः प्रा.लि.को कार्यालय र अन्तर्वार्ता मितिः पछि प्रकाशित गरिनेछ ।

**नोटः** वैदेशिक रोजगार ऐन, २०६४ को दफा ९ बमोजिम महिला, दलित, आदिवासी जनजाति, उत्पीडित वर्ग, पिछडिएको क्षेत्र तथा वर्ग एवं दुर्गम क्षेत्र तथा दैवीप्रकोप पीडित व्यक्तिलाई नेपाल सरकारले तोके बमोजिमको संख्यामा आरक्षण प्रदान गरिने छ ।

■ **नेपाल सरकार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:**
१) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भरपाई अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरू साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापनमा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोस । ४) विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्स तालिम अनिवार्य लिनुहोस । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।
द्रष्टव्यः यस विषयमा थप केही कुरा बुझ्न परेमा यस प्रा.लि.मा सम्पर्क गर्न सक्नुहुनेछ ।

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ मंसिर २५ गते (11th Dec. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |


**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


D.N. International Nepal Overseas Employment Agency Pvt. Ltd.
Maharajgunj, Chakrapath, Ktm, Tel: 01-5910241/5910242/1-4016209
E-mail :info@dninepal.com,Website:www.dninepal.com
श्रम ईजाजत नं. १४४/०५६/०५७


---

# Gajuri Rural Municipality
## Office of Rural Municipal Executive
## Gajuri, Dhading
## Invitation for Online Bids

*First Date of Publication: December 04, 2025)*

The Office of the Rural Municipal Executive, Gajuri Rural Municipality, Gajuri, Dhading, has budgeted a portion of its funds for the implementation of activities tied to the contract mentioned here.

| Contract ID | Name of Project | Estinmated Amount (including VAT & PS) | Bid Security (NRs) | Fee for Bid Documents (NRs) | Deadline |
|---|---|---|---|---|---|
| GRM/W/NCB/10/2082/083 | Partial Construction of Adarsha Mabi and supplying Furnitures | 36,78,356.40 | 94,000/- | 3,000/- | January 04, 2026, 12:00 pm |

**Account Details: Rastriya Banijya Bank, Gajuri Branch**

| Type | Account Name | Account Number | Office Code | Rajaswa (revenue) Shirshak no. |
|---|---|---|---|---|
| For Bid document | GA-1-1 STHANIYA TAHA AANTARIK RAJASWA | 1050100301010002 | 80330503300 | 14219 |
| For Bid Security | GA-2-3 STHANIYA TAHA DHARAUTI KHATA | 1050100303000002 | 80330503300 | |

1. Eligible Bidders may obtain further information at the office of Gajuri Rural Municipality, Dhading, email: ito.gajurimun@gmail.com, website: www.gajurimun.gov.np and contact no. 9851338362 or may visit PPMO website www.bolpatra.gov.np/egp . Also, visit our Facebook: www.facebook.com/gajuriruralmunicipality

**Chief Administrative Officer**

# कोटेश्वर चोक सुधार आयोजनाका लागि जापानसँग ऋण सम्झौता

**काठमाडौं–** कोटेश्वर चोक सुधार आयोजनाका लागि नेपाल सरकार र जापान सरकारबीच ऋण सम्झौतामा हस्ताक्षर भएको छ। अर्थमन्त्री रामेश्वरप्रसाद खनालको उपस्थितिमाब् बुधबार अर्थ मन्त्रालयमा आयोजित एक समारोहबीच ३४ दशमलव ५९ अर्ब जापानी येन बराबरको ऋण सहायतासम्बन्धी सम्झौतापत्रमा हस्ताक्षर भएको हो ।

जापान अन्तरराष्ट्रिय सहयोग नियोग (जाइका)मार्फत प्राप्त हुने उक्त ऋणको 'ग्रेस' अवधि १० वर्ष, भुक्तानी अवधि ३० वर्ष र वार्षिक शून्य दशमलव दुई प्रतिशत ब्याजदर रहनेछ । यस आयोजनाअन्तर्गत कोटेश्वर तथा जडीबुटी खण्डमा अण्डरपास तथा फ्लाइओभर निर्माण गरिनेछ ।

ती संरचना निर्माणको उद्देश्य काठमाडौं, ललितपुर, भक्तपुर तथा विपी राजमार्ग हुँदै सञ्चालन हुने सवारीसाधनको आवागमन सहज बनाउने तथा ट्राफिक जाम न्यूनीकरण गर्न महत्त्वपूर्ण योगदान पुऱ्याउने राखिएको छ। आयोजना भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयअन्तर्गत सडक विभागमार्फत कार्यान्वयन गरिनेछ ।

ऋण सहायतासँग सम्बन्धित अवधारणापत्रमा अर्थ सचिव डा घनश्याम उपाध्याय र नेपालका लागि जापानी राजदूत मायदा तोरुले हस्ताक्षर गरे । त्यस्तै, ऋण सम्झौतामा अर्थ मन्त्रालयको अन्तरराष्ट्रिय आर्थिक सम्बन्ध महाशाखाका प्रमुख एवं सहसचिव धनीराम शर्मा र जाइका नेपालका प्रमुख प्रतिनिधि मित्सुजाकी माजुकीले हस्ताक्षर गरे ।

हस्ताक्षर समारोहमा अर्थमन्त्री खनालले द्विपक्षीय सहकार्यलाई थप प्रभावकारी रूपमा अघि बढाउने प्रतिबद्धता व्यक्त गरे । जापानी राजदुत तोरुले जापानको सहुलियतपूर्ण ऋण सहयोगमा कार्यान्वयन हुने कोटेश्वर चोक सुधार आयोजनाबाट उपत्यकाको यातायात व्यवस्थापनमा उल्लेख्य सुधार हुने विश्वास व्यक्त गरे । उनले नेपाल र जापानबीचको दशकौं पुरानो मित्रतापूर्ण सम्बन्धको स्मरण गरे ।

अर्थमन्त्री खनालले आफ्नो सम्बोधनमा नेपाल-जापान सहकार्यअन्तर्गत काठमाडौं उपत्यकाको महत्वपूर्ण जामयुक्त स्थानको सुधारमा प्रगति ल्याउने उद्देश्यले अघि बढाइएको यो परियोजनाले राजधानीको यातायात व्यवस्थापनमा दीर्घकालीन परिवर्तन ल्याउने विश्वास व्यक्त गरे ।

कार्यक्रममा अर्थ मन्त्रालय, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, सडक विभाग, जापानी दूतावास तथा जाइका नेपालका वरिष्ठ अधिकारीको उपस्थिति थियो । *रासस*

# मधेशका मुख्यमन्त्री यादवले दिए राजीनामा

**धनुषा–** सर्वोच्च अदालतले २४ घण्टाभित्र विश्वासको मत लिन आदेश दिएपछि मधेस प्रदेशका मुख्यमन्त्री सरोजकुमार यादवले पदबाट राजीनामा दिएका छन् ।

विश्वासको मत पाउने सम्भावना नदेखिएपछि यादवले बुधबार प्रदेशसभाको बैठकमै राजीनामा घोषणा गरेका हुन् । यादवलाई तत्कालीन प्रदेश प्रमुख सुमित्रा सुवेदी भण्डारीले संविधानको धारा १६८(३) अनुसार प्रदेशसभा सबैभन्दा ठूलो दलको नेताका रूपमा मुख्यमन्त्री नियुक्त गरेकी थिइन् ।

बर्दिबासस्थित पानस कटेजमा बिहानै यादवको नियुक्ति र शपथ ग्रहणसमेत भएपछि यसले राजनीतिक विवाद झनै बढाएको थियो । त्यसकै बीच सङ्घीय सरकारले प्रदेश प्रमुख भण्डारीलाई पदमुक्त गरी सुरेन्द्र लाभ कर्णलाई नयाँ प्रदेश प्रमुख नियुक्त गर्ने सिफारिस गरेको थियो ।

विश्वासको मत प्रक्रियाका क्रममा विपक्षी सात दलका सांसद बैठकमा उपस्थित भएनन् । पूरा विपक्षी बेञ्च खाली रहँदा एमालेका सांसद मात्र बैठकमा देखिए । राप्रपाकी मन्त्री कञ्चन बिच्छा र नेपाल सङ्घीय समाजवादी पार्टीकी मन्त्री विमला अन्सारी पनि उपस्थित भएकी थिइन् ।

राजीनामा दिनुअघि मुख्यमन्त्री यादवले आफ्नो नियुक्ति नै बाध्यात्मक रहेकाले विश्वासको मत अनिवार्य रूपमा लिनुपर्ने स्थिति नरहेको दाबी गरे । आफ्नो २२ दिनको कार्यकाल जनतामुखी काममा केन्द्रित रहेको उल्लेख गर्दै यादवले भने, 'म कुर्सीसँग होइन, सांसदहरूसँग विश्वासको मत लिने हो । तर, उनीहरू बैठकमै आएनन् । त्यसैले राजिनामा घोषणा गर्दछु ।' *रासस*

# टोखा नगरपालिकामा विकास निर्माणले गति लिँदै

**काठमाडौं–** काठमाडौंको टोखा नगरपालिकाले आफ्नो १२ औं स्थापना दिवस आयोजना गरी यसबीचमा भएका विकास निर्माण र सामाजिक काम उत्साहजनक रहेको जनाएको छ ।

नगरपालिकाका प्रमुख प्रकाश अधिकारीले आफ्नो पहिलोदेखि दोस्रो कार्यकालसम्ममा विकास निर्माण, स्वास्थ्य, शिक्षा आदि क्षेत्रमा थालिएका पहलले सकारात्मक परिणाम हासिल गरेको बताए । पहिलोपटक २०७४ सालमा आफू निर्वाचित हुनुअघि टोखाका हरेक सडक हिलाम्मे हुने गरेको उल्लेख गर्दै उनले हाल वडा नम्बर १ देखि ११ सम्म सडक स्तरोन्नति गरिएको बताए ।

नगरप्रमुख अधिकारीले नगरपालिकाले सामुदायिक विद्यालयको अवस्था सुधार गरी विद्यार्थी र अभिभावकको आकर्षण बढाइएको बताए । कक्षा १० सम्मका विद्यार्थीका लागि नै दिवा खाजा खुवाउने गरिएको उनले बताए । प्रमुख अधिकारीका अनुसार स्वमूल्यायाङ्कनमा काठमाडौं जिल्लाका पालिकामध्ये टोखा दोस्रो स्थानमा पर्न सफल भएको छ ।

सडक बत्तीको समस्या समाधान गर्दै अब घरघरमा डिजिटल बोर्ड जडान गरिने उनले बताए । पालिकाले ५० वर्ष उमेरमाथिका नागरिकको निःशुल्क स्वास्थ्य परीक्षण गराउने र जटिल रोगीलाई सहयागे गर्ने गरेको छ । शिशु जन्मिनासाथ रु पाँच हजार रकम दिने नीति अवलम्बन गरिएको प्रमुख अधिकारीले बताए ।

नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत कमल भट्टराईले विगतको तुलनामा धेरै सकारात्मक परिवर्तन भएको उल्लेख गर्दै समुन्नत टोखा नगरको अवधारणाअनुसार काम भइरहेको जानकारी दिए । *रासस*

## ओमनमा रोजगार

कम्पनी : AZYAN FOR BUSINESS

पूर्व स्वीकृति मिति : २०८२/०८/१७ | LT. No. 334623 | चलानी नं. ६०२४८४१५

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव OR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Hair Stylist -Female | 0 | 1 | 170 | ६३,५०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ मंसिर २५ गते (11th Dec. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्वरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Emerald Isle Nepal Pvt. Ltd.** (GULMI OVERSEAS PVT LTD)
Purano Baneshwor-10, Kathmandu, Nepal. Tel- +977-014588542/4589323, Email:- emeraldislenepal@gmail.com, info@einepal.com
श्रम ईजाजत नं. ११०८/०७३/०७४

## युएइमा रोजगार

कम्पनी : EJADAH ASSET MANAGEMENT GROUP LLC

पूर्व स्वीकृति मिति : २०८२/०५/२३ | LT. No. 329076 | चलानी नं. ६०२४८४२०

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guards | 40 | 10 | 1900 | ७४,३१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Waitress/ Waiter | 25 | 25 | 1600 | ६२,५७५ | | | | | | | |
| 3. | Office Assistant | 25 | 25 | 1600 | ६२,५७५ | | | | | | | |
| 4. | Cleaner | 25 | 25 | 1400 | ५४,७५५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ मंसिर २५ देखि २७ गते (11-13 Dec. 2025) सम्म हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्वरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Tenduli International Employment Service Pvt. Ltd.**
New Baneshwor-34 Kathmandu, Nepal. Tel: +977 1-5919243, 01-4568734, Mobile: 9823237412 9818119591, Pokhara Branch +977 985-6018106, Chitwan Branch +977 985-5063635, Email: info@tendulimanpower.com.np, Web: www.tendulimanpower.com.np
Govt. License 304/059/60

## कुवेतमा रोजगार

कम्पनी : SAWSAN CATERING COMPANY

पूर्व स्वीकृति मिति : २०८२/०८/१७ | LT. No. 334781 | चलानी नं. ६०२४८३९३

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Assistant Chef | 24 | 0 | 140 | ६५,५३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी : ETC FOOD RESTAURANT COMPANY

पूर्व स्वीकृति मिति : २०८२/०८/१७ | LT. No. 334782 | चलानी नं. ६०२४८३९५

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | ASISTANT COOK | 150 | 0 | 130 | ६०,८५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | CASHIER | 0 | 10 | 150 | ७०,२१० | | | | | | | |

कम्पनी : WAHAJ BOULEVARD HOTEL APARTMENT

पूर्व स्वीकृति मिति : २०८२/०८/१७ | LT. No. 334780 | चलानी नं. ६०२४८३९४

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Receptionist | 4 | 4 | 140 | ६५,५३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Kitchen Helper | 4 | 0 | 120 | ५६,१७० | | | | | | | |
| 3 | Cook | 4 | 0 | 150 | ७०,२१० | | | | | | | |
| 4 | Security Guards | 4 | 0 | 130 | ६०,८५० | | | | | | | |
| 5 | Waiter/waitress | 0 | 4 | 140 | ६५,५३० | | | | | | | |
| 6 | Light Driver/driver | 4 | 0 | 140 | ६५,५३० | | | | | | | |
| 7 | House Keeping | 0 | 4 | 140 | ६५,५३० | | | | | | | |
| 8 | Indoor Cleaners | 4 | 4 | 100 | ४६,८१० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ मंसिर २५ गते (11th Dec. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्वरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Omega International Pvt. Ltd.**
Basundhara, Kathmandu, Nepal, Ph. No: +977-4954327, 4954337, E-mail : info@omeganepal.com, Website : www.omeganepal.com
Govt. License No. 1352/074/075

## कुवेतमा रोजगार

कम्पनी : AL-RAED SECURITY CO.

पूर्व स्वीकृति मिति : २०८२/०८/१७ | LT. No. 334770 | चलानी नं. ६०२४८४३०

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security | 100 | 0 | 125 | ५८,५१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ मंसिर २५ गते (11th Dec. 2025) मा हुनेछ ।
CP Hotel, Birtamode, Jhapa मा मिति: २०८२ मंसिर २५ देखि पौष १ गते (11th to 16th Dec. 2025) मा हुनेछ । (सम्पर्क नं. ९८०४९०९९३)
London Hotel Itahari मा मिति: २०८२ पौष १ देखि पौष ५ गते (16th Dec. to 20thDec. 2025 ) मा हुनेछ । (सम्पर्क नं. ९८५१०६०१६७)
Bajeko Ko Sekwa , Nagdhunga, Pokhara मा मिति: २०८२ पौष ५ देखि पौष १० गते (20th Dec. to 25thDec. 2025 ) मा हुनेछ । (सम्पर्क नं. ९८२५३५१४९०)
फेवा ईन्टरनेशनल ट्रेनिङ सेन्टर वडा नं. ७, जनकपुरधाम धनुषामा मिति: २०८२ पौष १० देखि १५ गते (25th to 30th Dec. 2025) मा हुनेछ । (सम्पर्क नं. ९८२७६७४४४३)

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले | दिने | रोजगारदाता कम्पनीले | हुने/रोजगारदाता कम्पनीले | | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु.२५९६/- कामदारले तिर्ने | निःशुल्क | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्वरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**FEWA OVERSEAS PVT. LTD**
1559/079/80
Kageshwori, Manohara-9, Airport Nagar, Gothatar, Kathmandu, Nepal, Tel: 01-5914530, 9808655324, 9844024322 9813432386, 9827644060, 9825201309 Email : fewaoverseas11@gmail.com, Web: www.fewaoverseas.com.np

## कुवेतमा रोजगार

कम्पनी : FETNA PERFUMES, COSMETICS & SOAPCOMPANY — शहर : Kuwait

पूर्व स्वीकृत मिति: २०८२/०८/१७ | चलानी नं.: ६०२४८३७५ | LT.No.: 334732

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | SALES PERSON | 0 | 3 | स. काममा दक्ष | 180 | ८४,१४२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : NAMASTE KARAK SNACKS — शहर : Kuwait

पूर्व स्वीकृत मिति: २०८२/०८/१७ | चलानी नं.: ६०२४८३७४ | LT. No.: 334764

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | WAITRESS/ WAITER | 5 | 5 | सम्बन्धित काममा दक्ष | 140 | ६५,४४४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |
| 2. | Assistant Salesman | 5 | 5 | | 120 | ५६,०९५ | | | | | | | |
| 3. | CASHIER | 5 | 5 | | 150 | ७०,११९ | | | | | | | |
| 4. | Cleaning Labour -Indoor | 5 | 5 | | 100 | ४६,७४६ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ मंसिर २५ गते (11 December 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निः शुल्क |

वैदेशिक रोजगार विभागबाट गराइ को जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**MAHA INTERNATIONAL HR SOLUTION PVT. LTD.**
Gov. Lic No. 1746 /081/82
Airport Kalimatidol, Kathmandu | Tel: +977 01 5923308
Mob.: 9813768590, 9802390077 | Email: mahainfo59@gmail.com

## साउदीमा रोजगार

कम्पनी : Shams Hail Trading Company is a sole proprietorship — सेवा शुल्क: १०,०००

पूर्व स्वीकृति मिति : २०८२/०८/१५ | LT. No. 334246 | चलानी नं.६०२४८३८८

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Load unload Worker | 2 | 0 | 1000 | ३८,२७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी : TCT COMPANY LIMITED — सेवा शुल्क: निःशुल्क

पूर्व स्वीकृति मिति : २०८२/०८/१५ | LT. No. 334244 | चलानी नं.६०२४८३८७

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | WORKER LOADING AND UNLOADING | 4 | 0 | 1000 | ३८,२७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी : WOJOUD ABDULLAH AL SULAIMAN CONTRACTING COMPANY — सेवा शुल्क: १०,०००

पूर्व स्वीकृति मिति : २०८२/०८/१५ | LT. No. 334245 | चलानी नं.६०२४८३८९

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Worker | 4 | 0 | 1000 | ३८,२७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी : WOJOUD ABDULLAH AL SULAIMAN CONTRACTING COMPANY — सेवा शुल्क: १०,०००

पूर्व स्वीकृति मिति : २०८२/०८/१७ | LT. No. 334766 | चलानी नं.६०२४८३९२

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Labouers | 4 | 0 | 1000 | ३८,२७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ मंसिर २५ गते (11th Dec. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्वरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Al Faraz International Overseas Pvt. Ltd**
Dhumbarai Mandikhatar, Budhanilkantha 9, Kathmandu, Nepal, Contact: 9847416116, Email: hiringalfaraz@outlook.com
Govt. License 1553/079/80

## Jagadulla Rural Municipality
## Office of Rural Municipal Executive

**Majhgaun, Dolpa**
**Karnali Province**

## Invitation for Bids

**Notice No. 4-082/83/JRM/NCB**

First Date of Publication: 2082/08/18 (4th Dec, 2025)

1. The Central / Provincial Government of Nepal [GoN] and Local Level Gon has allocated funds towards the cost of following works, and intends to apply part of the funds to cover eligible payments under the Contract given in the Table below. Bidding is open to all eligible Nepalese Bidders.

| S N | Contract Identification No | Description and Location of Works | Estimated Amounts (NRs) Without VAT & PS | Fee for Bid Documents (NRs) | Minimum Bid Security Amount (NRs) | Bid Validity Periods (Days) |
|---|---|---|---|---|---|---|
| 1 | JRM/NCB/ W-3/2082-83 | Ragamachila Jane Sadak Marmat 2082/83 | 8767240.74 | 3000 | 258000.00 | 90 |

Bid security period shall be 30 days beyond bid validity period. For further details regarding the notice of Invitation for Bids, interested Bidders are requested to visit the notice board of Jagadulla Rural Municipality Office, Majhgaun, Dolpa or PPMO Website :- www.bolpatra.gov.np/egp

2. Bidder who chooses to submit their bid electronically may purchase the hard copy of the bidding documents as mentioned above or may down load the bidding documents for e-submission from PPMO website: Bidders, submitting their bid electronically, should deposit the cost (as specified above) of bidding document in the Office's Rajaswa (revenue) account as specified below and the scanned copy (*.pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids.

   Information to deposit the cost of bidding document in Bank:
   Name of the Bank : Nepal Bank Limited, Jagadulla Branch , — Office Code no : 801066105
   Office Account no : 24903000001001000001 — Revenue head no. : 14229
   Name of Office : Jagadulla Rural Municipality Majhgaun, Dolpa

3. Pre-bid meeting shall be held. Date:2025.12.25 Time:12:00 Pm Address: Jagadulla Rural Municipality
4. Electronic bids must be submitted through PPMO website www.bolpatra.gov.np/egp on or before 12:00 Hrs on 2026/01/04. Bids received after this deadline will be rejected.
5. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 12:10 Hrs on 2026/01/04 at the office of Jagdulla Rural Municipality, Majhgaun .
6. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.

**Chief Administraitive Officer**

## सामाजिक विकास कार्यालय

**धनगढी, कैलाली**

## E-Bidding मार्फत बोलपत्र आह्वान सम्बन्धी सूचना

**पहिलो पटक प्रकाशित मिति: २०८२/०८/१७**

यस कार्यालायको आ.व.२०८२।०८३ को स्वीकृत कार्याक्रम अन्तर्गत तपसिल कार्य गर्नुपर्ने भएको हुँदा इच्छुक र इजाजत प्राप्त प्राप्त फर्मरकम्पनीले रितपूर्वक बोलपत्र पेश गर्नहुन यो सूचना प्रकाशन गरिएको छ । विस्तृत जानकारीको लागि website:bolpatra.gov.np/egp हेर्न सकिनेछ ।

| S. N. | Contrac Identification Number | Description of Work |
|---|---|---|
| 1. | SDO/WORKS/NCB/2082/083/37 | Construction Of Social Development Office, Kailali Building |
| 2. | SDO/WORKS/NCB/2082/083/38 | Construction Of Boundary wall in Mahendra sisu Ma Vi Namun School, Janaki -06, Kailali |
| 3. | SDO/WORKS/NCB/2082/083/39 | Construction Of Admin Block In Malika ma vi (Namuna School), gauriganganga na pa-02 Kailali |
| 4. | SDO/WORKS/NCB/2082/083/40 | Construction Of Boys Hostel In Tribhuwan Ma Vi Namuna School, Tikapur-08, Kailali |

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

# पुराना दललाई वैकल्पिक दलको चुनौती

जेन-जी विद्रोहपछि दलहरुमा नेतृत्व फेर्ने माहोल शुरु भएको छ । सबैभन्दा ठुलो दल नेपाली कांग्रेस र नेकपा एमालेले निर्वाचनअघि नै महाधिवेशन गर्ने तयारी गरेको छ । नेकपा एमालेले यही मंसिरको २७ बाट महाधिवेशन शुरु गर्दैछ । यसका लागि एमालेले महाधिवेशन प्रतिनिधि छनोट करिबकरिब सकाइसकेको छ ।

नेपाली कांग्रेसले पुसको २६ मा १५ औं महाधिवेशन गर्ने कार्यतालिका सार्वजनिक गरेको छ । यसरी ठुला दलहरु एकैसाथ महाधिवेशनमा लागेको छ । जेन-जी आन्दोलनका क्रममा ठुला दलका कार्यालयहरु जले । नेताका घरहरु जले । यद्यपि दलहरु खरानीबाट उठ्न थालेका छन् । जेन-जी विद्रोहको पहिलो माग हो सुशासन ।

सुशासन दलभित्र पनि आवश्यक छ । दलको महाधिवेशन गर्नु पार्टीको पुनसंरचना गर्नु हो । यो भनेको पुरानो नेतृत्वले तय गरेको नीतिमा केही फेरबदल वा पुनर्तजगी गराउनु हो । ठुला दलले आफ्नै आसेपासेलाई नेतृत्वमा ल्याउने परम्परा पहिलेबाटै हो । जस्तो श्रीमान-श्रीमती नै दलको केन्द्रीय सदस्य, श्रीमान प्रत्यक्षमा निर्वाचित भए श्रीमती समानुपातिकमा बस्ने जस्ता आसेपासे पोस्ने व्यवस्था दलमा विद्यामान छ ।

यस्तो खालका व्यवस्थामा तुरुन्त सुधारको आवश्यकता छ । यसमा शीर्ष दलले पुनर्विचार गर्नु आवश्यक छ । नभए पुराना दलको विकल्पमा धमाधम नयाँ दल आउन थालेका छन् । मंगलबारमात्र धरानका मेयर हर्क साम्पाङले श्रमलाई मुल एजेन्डा बनाउँदै नयाँ दल घोषणा गरेका छन् । हर्कले झैं बुधबार ऊर्जामन्त्रीसमेत रहेका कुलमान घिसिङले आफ्नो दलको रोडम्याप सार्वजनिक गरेका छन् ।

कुलमानले जारी गरेको रोडम्याप नतिजामुखी राजनीति हो । यी दुई दलको आक्रामक प्रचार पुराना दलका लागि चुनौति हो । कांग्रेस एमालेलाई राजनीति नगर भनेको भने पक्कै हैन । सुधारका लागि प्रशस्त अवसर वैकल्पिक दलहरुले पुराना दललाई दिएका छन् । पुराना दलको गल्तीकै अवसर सदुपयोग गर्दै कुलमान हर्क उदाएका हुन् । काठमाडौं महानगरका मेयर बालेन्द्र साह पनि पुराना दललाई चुनौतिको विषय हो ।

जुनसुकै ठाउँमा भ्रष्टाचार पुराना दलकै कारण गाँजेको छ । दलहरुको मनपरीतन्त्रका कारण जनताको आक्रोश जेन-जी आन्दोलनमा पोखियो । यसैको सिर्जना हो वैकल्पिक दलहरु । यो पुराना दलको लागि सच्चिने अवसर पनि हो । सच्चिएन भने पुराना दलको सक्किने समय पनि हो यो । त्यसैले सुशासनमा आजै लागौं र भ्रष्टाचार अन्त्यलाई मुलमन्त्र बनाऊ ।

# य:मरि पूर्णिमा र किराँतको उधौली



❑ पदम श्रेष्ठ

आज मंसिर पूर्णिमाका दिन विभिन्न समुदायले आ-आफ्नो चाडपर्व मनाउने गर्दछन् । नेवार समुदायले य:मरि (योमरी) पुन्ही तथा किराँत समुदायले उधौली पर्व आजकै दिन मनाउँछन् । यसै दिन विभिन्न जात्रा पनि मनाउने गरिन्छ । यस लेखमा यी नै चाडपर्व र जात्राहरूको बारेमा चर्चा गरिएको छ ।

*य:मरि च्वामू उके दुने हाम्व, बिउसा ल्यासे*
*मब्युसा: बुरिकुती, त्य:छिं त्य:, वक:छिं त्य:,*
*लाटपाटा कुलिंचा जुत्छी त्य:, य:मरि च्वामू...*

यसरी तिहारमा देउसी-भैलोले दान मागेजस्तै य:मरि मागेर खाने परम्परा छ काठमाडौं उपत्यकाका नेवार समुदायमा । प्रेम, दया, करुणाको भावनात्मक पर्व य:मरि पून्हीलाई बौद्धहरू पञ्चतत्व (चाकु, तिल, अदुवा, पानी र चामलको पिठो) ले पूर्ण चिवहा: चैत्यका रूपमा लिन्छन् । य:मरि खानाले जाडो सहन सक्ने ऊर्जा र कफ, बाथ रोगलाई नष्ट गर्ने शक्तिको विकास हुन्छ भन्ने तथ्य आधारका कारण पनि य:मरि खाने र खुवाउने परम्पराले व्यापकता पाउँदै जान थालेको हो ।

य: को सात्विक अर्थ मनपरेको मरिले रोटी भन्ने अर्थ लाग्दछ । चामलको पिठोभित्र चाकु, तिल, खुवा, अदुवाको रस राखी म:म: झैं बफाएर य:मरि बनाइन्छ । किसानहरूले यस दिन चामलको पिठोबाट गणेश, लक्ष्मी, ज्यापू, ज्यापून्ही, ख्याक, कवँ कुवेर आदिको प्रतीक द्य: मरि अर्थात् देवीदेवताको रोटीका साथ ल्ह्वचामरि, चखुँ, बखुँ ( चराचुरुंगी), साँप, मुसा आदिको आकृति बनाएर देवीदेवतालाई चढाउने र पितृलाई समेत मन्साएर ढुकुटी पूजा गर्दछन् ।

नयाँ धानको चामल विशेषगरी टाइचिनको चामलको पिठोबाट य:मरि बनाइन्छ । य:मरि नेवार समाजमा छोरी-चेली दुई जिउको (गर्भवती) हुँदा माइतीखलकले धौबजी (दही चिउरा) खुवाउन जाँदा होस् वा बालबालिकाको पास्नी, जन्मोत्सव, विवाह, नयाँ वर्ष न्हुदँ म्हपूजा र वृद्ध पास्नी जंकुमा पनि य:मरि नभई हुँदैन ।

## य:मरि बनाउने तरिका

य:मरि बनाउन नयाँ धानको टाइचिन चामलको पिठो भए झनै उचित । पिठो मनतातो पानीले मुछ्नुपर्छ । मुछ्दा धेरै गिलो वा साह्रो हुनु हुँदैन । हातमा तेल वा घिउले दलेर एक मुठी पिठोको डल्लो बनाउनुपर्छ, त्यही पिठोको डल्लोभित्र हातको बूढी औंलाले तरिकासँग पेट खाली बनाउँदै लाने र त्यसभित्र चाकु, तिल स्वादअनुसार खुवा, घिउको लेदो एउटा चम्चाको सहाराले राख्दै जाने र मुख बन्द गरी अण्डाकार बनाउने गरिन्छ । अण्डाकारमा आएको य:मरिको डल्लोको एक कुनामा माछाको पुच्छरजस्तै निकालिन्छ । त्यसरी बनाइएको य:मरिको डल्लोलाई म:म: जस्तै बफाएर पकाउनुपर्छ । य:मरिलाई विभिन्न सम्प्रदायले आ-आफ्नै तरिकाले दर्शनशास्त्रको आधारमा व्याख्या गरेता पनि वास्तवमा य:मरि जस्तोसुकै जाडोलाई पनि सहनसक्ने माछाको प्रतीक हो भन्न सकिन्छ ।

## फगुई पर्व र थारू

यसै दिन तराईका आदिवासी भूमिपुत्र थारु समुदायमा नयाँ अन्न घर भित्र्याएर भव्य पूजा गरिन्छ । नयाँ अन्न भित्र्याएर गरिने पूजालाई औंली लेना-औली देना भनिन्छ । नयाँ अन्नको पिठोबाट झझराँको रोटी नेवार समुदायमा चाकु खुवा नराखिकनै बनाइने य:मरिजस्तै फगुई बनाई देवतालाई चढाएर खाइन्छ । उपत्यकाका किसान समुदायमा बनाइने य:मरि र ताराईका भूमिपुत्र थारु समुदायले नयाँ धानको चामलबाट बनाइने परिकारको नाम फरक भए पनि यस दिन खाइने परम्पराबाट के भन्न सकिन्छ भने ज्यापु र थारु समुदायमा कतै न कतै मिलन बिन्दु रहेको छ ।

## सासौं लुभु गोभ्रातेश्वर महादेव जात्रा

ने.सं. ६८०-७२३ कालीन राजा विश्व मल्ल र गंगा महारानीको राज्यकालमा लुभुवासीमा गलगाँडको महामारीले हाहाकार फैलिए छ । ज्योतिषीलाई देखाउँदा महादेवभन्दा माथिल्लो टोलमा महालक्ष्मी पीठ प्रतिष्ठापित भएकोले गलगाँड महामारी फैलिएको बताए छ । गंगा महारानीले बस्तीको बीचभागमा तीनतले महालक्ष्मी निर्माण गरी गोभ्रातेश्वर महादेवसहित जात्रा चलाएपछि महामारी शान्त भयो भनिन्छ । बछलाथ्व तृतीया (वैशाख अक्षय तृतीया) देखि दशमीसम्म रातो मच्छिन्द्रनाथ रथारोहणका बेला हुने महालक्ष्मी जात्रा लुभुको मुख्य पर्व हो ।

तर य:मरि पूर्णिमाकै दिन लुभु गोभ्रातेश्वर जात्रालाई महामारी अन्त्यमा योगदान पुऱ्याउने पर्वका रूपमा लिएको पाइन्छ । य:मरि पुन्हीको एक दिनअघि प्रतिपदाको दिन घर लिपपोत गरी शुद्धसँग बनाएको य:मरि काँसको थालमा एक रूपैयाँ दामसहित छुटचाइन्छ भने एक माना चामलसहित पूजाका लागि ल्याउने गोभ्रातेश्वर महादेवलाई चढाइन्छ । यसरी जात्रा गर्दै पूजा थाप्दा महादेवलाई १४ जना द्वारे र १६ जना खड्गीले शुद्धतापूर्वक पूजा गरिन्छ । पूजामा शुद्धता नभए देवता कोफ भई रोगको महामारी फैलिन्छ भन्दै मंसिर पूर्णिमाका दिन चोभरी दुवाल ज्यापूहरूले नुहाइधुवाइ गरी पवित्र भई नङ काटी एक्लै सुत्ने सेतो जामा पहिरेर जात्रा चलाइन्छ । गोभ्रातेश्वर महादेव स्थानमा दुवाल ज्यापूका पुर्खाले पशुपति दर्शन गर्दा गाईको गोबरमा महादेवले दर्शन दिएकोले गोभ्रातेश्वरलाई नेपाल भाषामा सासौ महाद्यो भनिएको भन्ने पनि भनाइ छ ।

> य:मरि पूर्णिमाकै दिन लुभु गोभ्रातेश्वर जात्रालाई महामारी अन्त्यमा योगदान पुऱ्याउने पर्वका रूपमा लिएको पाइन्छ । य:मरि पुन्हीको एक दिनअघि प्रतिपदाको दिन घर लिपपोत गरी शुद्धसँग बनाएको य:मरि काँसको थालमा एक रूपैयाँ दामसहित छुट्याइन्छ भने एक माना चामलसहित पूजाका लागि ल्याउने गोभ्रातेश्वर महादेवलाई चढाइन्छ । यसरी जात्रा गर्दै पूजा थाप्दा महादेवलाई १४ जना द्वारे र १६ जना खड्गीले शुद्धतापूर्वक पूजा गरिन्छ । पूजामा शुद्धता नभए देवता कोफ भई रोगको महामारी फैलिन्छ भन्दै मंसिर पूर्णिमाका दिन चोभरी दुवाल ज्यापूहरूले नुहाइधुवाइ गरी पवित्र भई नङ काटी एक्लै सुत्ने सेतो जामा पहिरेर जात्रा चलाइन्छ ।

## थेचो नवदुर्गा गणनृत्य

य:मरि पुन्हीको एक दिनअघि प्रतिपदाको दिन छोयला बु (पोलेको राँगाको मासुलाई नुन-खुर्सानीमा मली बनेको) परिकारसँग भोज खाई ऐतिहासिक थेच्वको नवदुर्गाजात्रा मनाइन्छ । छोयला बु, य:मरि पुन्ही, पिंगल जात्रा, मी प्याखँ (कोयलाछी जात्रा), भैलाजु जात्रागरी पाँच दिन थेचो नवदुर्गा जात्राका ब्रह्मायणी र बालकुमारी खटजात्रा गरिन्छ ।

## १२ वर्षे थेचो नवदुर्गा जात्रा विशेष

पूर्वकर्मनाशा र पश्चिम नख्खुबीचको करिब १३ हजार ५०० रोपनीमा फैलिएको थेचो नवदुर्गा जात्रा वर्ष दिन अगाडि श्रावणकृष्ण त्रयोदशीदेखि तयारी हुन्छ । नवदुर्गा गणमा सिंहिनी, व्याघ्रिनी, वाराही, भैरव, अजिमा (दक्षिणकाली), मनमैंजु (महालक्ष्मी), म्हासुख्वा माजु (ब्रह्मायणी), कुमारी, वामुख्वामाजु, विष्णुदेवी, गणेश ,तुयुख्वा माजु (बंगालादेवी)को मुकुण्डो गहना, लुगा र आगद्यो रहेको नवदुर्गा मन्दिरभित्र हाँस, कुखुराको बलि दिई भोज खाइसकेपछि एक महिनासम्म मूलढोका बन्द गरिन्छ । मूलढोका बन्दपछि थेचोभरि बाजा बजाउन, बिहे-व्रतबन्ध गर्न, इष्टमित्र-आफन्तलाई देश घुमाउन, राति बास बस्न पूर्ण बन्देज लगाइन्छ । भनिन्छ, यस अवधिमा अज्ञात व्यक्ति (दही-चिउरा) खान्छु भन्दै आउने र सोही व्यक्ति देवीलाई बलि दिने कथन थियो । देवी जगाउन लेलेको तीनपानी भञ्ज्याङबाट 'आगामसिं' काठ ल्याई चोकमा नृत्य छाप्रो बनाइन्छ ।

सोही रात, सिंहिनी- व्याघ्रिनीलाई थेचोको यामुन्या पोखरीबाट, भैरवलाई छम्पी दह, क्षणकालीलाई खुल्डोचाबाट र वाराहीलाई बुँलीदह गोदावरीबाट पानी ल्याई चोख्याउने गरिन्छ । त्यसैगरी महालक्ष्मी, मनमैंजुलाई यामुन्या पोखरी, विष्णुदेवी बामुख्यालाई धापाखेलको, गंगा र गणेशका लागि गलबल ठेचोको जल ल्याई गोप्य पूजा गरी विधिपूर्वक मुकुण्डो र पोसाक लगाउँछन् । यस थेचो नवदुर्गा जात्रा गणनृत्यमा ढल्को क्षेत्रपाटीस्थित इन्द्रायणी पीठ, टोखाको कालिकास्थानमा जस्तै जीवित माछा, भँगेरा, सर्प र बोका दन्दनी बलिरहेको होमस्थलमा दहन गरिन्छ ।

## थानकोट महालक्ष्मी जात्रा: र योमरी पुर्णिमा

य:मरि पूर्णिमाका दिन गोपाली, देसार ज्यापूको आदिभूमि थानकोटमा महालक्ष्मी, महाभैरवीको खटजात्रा हुने गर्दछ । राजा अमर मल्लद्वारा ने.सं. ६०४ मा बस्ती रक्षार्थ स्थापित अष्टमातृका पीठमध्ये महालक्ष्मीलाई यस देशको प्रमुख देवी मानिन्छ । आदिनारायणको खटजात्रालगत्तै थालिने महालक्ष्मी जात्रा चाफ: टोलका देसार गुठीका भैरवलाई विधिपूर्वक ढुंगेसिंह कटाएपछि अगाडि बढ्छ । द्वारे र दुवाल समुदायको सहयोगमा हुने जात्राअघि महालक्ष्मी मन्दिरमा गोपाली कन्याको इही (बेल विवाह) गरिन्छ । गोपाली समुदायमा इही गर्ने परम्परा छैन तर जात्राका बेला दुई जना कन्याको इही गर्नुलाई भाग्यमानी मानिन्छ । गंगटो बलि दिएर सुरू हुने पञ्चबलि (राँगा, हाँस, बोका, भेंडा, कुखुरा) सहित महालक्ष्मी जात्रामा भैरव र गणेश खट सहभागी गराइन्छ ।

## किरााती पर्व उधौली

अन्न उत्पादनका लागि प्रकृतिलाई धन्यवाद दिन मनाइन्छ, किराँती पर्व उधौली । कथनअनुसार भव्य सभामा रजस्वला हुन पुगेकी बहिनी सोइसोइला लाज र ग्लानिवश समारोह छोडेर जंगल पस्छिन् । दोलोकुम्मा दो सोइसोइला भन्दै चेलीलाई बोलाउँदा पनि फर्किनन् भने भुइँमा खसेको श्रीपेच ढुंगा बन्न पुग्यो ।

श्रीपेचको शक्ति ढुंगामा छ भन्नेहरू ढुंगापूजक लिम्बू र श्रीपेचको शक्ति बहिनी सोइसोइलासँगै जंगलमा छ भन्नेहरू प्रकतिपूजक खम्बू (राई) कहलिए । मुन्धुम धर्मशास्त्रअनुसार उँभौली र उधौली पुज्नेहरू राई (खम्बू), लिम्बू, याख्खा, सुनुवारले वैशाख पूर्णिमामा चण्डी नाचेर उभौली/साकेला र मंसिर पूर्णिमाका दिन उधौली/सिली मनाउँछन् । किराँतभित्रकै कुलुङ, जेरो, याम्फूले पुस १५, १६ र १७ गते चक्चाकुर नयाँ वर्ष मनाउँछन् ।

मंसिर पूर्णिमाको दिन नेवारहरूले य:मरि पुन्ही मनाइरहँदा किराँतले पनि नयाँ अन्नको परिकार खाँदै उधौली/सिली मनाउँछन् । यस दिन किराँत भूमि पूर्वी नेपालको पहाडी इलाकामा मौलिक हाक्पारे, लङसिङ, केनीसा नाच्ने र किराँती धर्मशास्त्र मुन्धुमअनुरूपका फुङवा, चोङवा, थाक्वाथाक्मा, पाक्लुङलेटमा देवीदेवताको पूजा गरी धनुकाँड प्रदर्शन गरिन्छ । सिली उधौलीको आख्यानुसार आदिकालमा खेती गर्न नजानेका किराँतहरू काँचै तरुल, गिट्ठा, भ्याकुर र जंगली जन्तुको मासु खाने गर्दा अनेक रोग लागी मर्दथे । तर तागेरा देवताले कागुन र धानखेती पकाएर खान सिकाएपछि डाँडाकाँडा नै ढाकिनेगरी जनसंख्या बढे छ । यही खुसीयालीमा नयाँ धान वा कागुनको परिकार खाने र साकेला नाची चाखोम्बा, मिसेक, युमासाम, धेवासाम, थुङदाङवा र सायात्रुदेनका देवीदेवतालाई सुँगुर, कुखुरा, राँगा बलि दिई नयाँ अन्नको परिकार खाइन्छ ।

## कुलुङ चाड, येले दोङ, चाक्वाकुर

किराँतभित्रका कुलुङहरूको महान् चाड चाक्वाकुर पुस १५ देखि १७ गतेसम्म मनाइने परम्परा छ । कुलुङ आदिभूमि सोलुखुम्बुको महाकुलुङ छेस्कम, गुदेल, बुङ, साद्दी, पार्व, सोत्तो (सोताङ) लगायत स्थानमा मौलिक भाषा कुलुङ परम्पराको पहिचानसहित मनाइन्छ चक्चाकुर । पुस १७ नयाँ वर्ष येलेदोङ पनि भएको हुँदा तीन दिन भकारी पूजा गरेर यो पर्व मनाइने गरिन्छ ।

**मिनारी दाचाम्री**: पुस १५ गते गरिने पूजा । घरमा मीठो-मसिनो खान्छन् ।

**तोबुबा-दोलम**: दोस्रो दिन चेली-छोरी ज्वाइँलाई बोलाएर खुवाउने ।

**नयाँ वर्ष येलेदोङ**: शुभकामनासहित तोबुबा पिलम भव्य मनाउँछन् ।

पारिवारिक भेटघाट, शुभकामना आदानप्रदान गर्दै मीठो खाएर मनाउने चाक्वाकुर पर्व सोलुखुम्बुको महाकुलुङमा विशेष मनाइन्छ भने सुनसरी, मोरङ, झापा, तेह्रथुम, पाँचथर, ताप्लेजुङ, काठमाडौंका कुलुङहरू यस पर्वलाई पुन:जागृत गर्न लागिपरेका छन् ।

## श्रम सरोकार

# सामाजिक सुरक्षा कोषबाट लिन सकिने लाभ

वैदेशिक रोजगारीमा जाने श्रमिकहरूको जीवन थप सुरक्षित होस् भनेर सामाजिक सुरक्षा कोषमा अनिवार्य आबद्ध हुनुपर्ने प्रावधान लागू गरिएको छ । यसका लागि उनीहरूलाई श्रम स्वीकृति लिँदा नै कोषमा आबद्ध गराइन्छ । बाध्यकारी भएकाले श्रम स्वीकृति लिने सबै कोषमा जोडिन्छन् तर यसका फाइदाहरू थाहा नपाउँदा अधिकांशले कोषमा नियमित रकम जम्मा गर्दैनन् । जसकारण अशक्तता, दुर्घटना, मृत्युजस्ता समस्या आइपर्दा पाउनुपर्ने सुविधाबाट वञ्चित हुनुपर्ने अवस्था छ । श्रम स्वीकृति लिनेबेलामा मात्र नभई विदेशमा रहेकाहरूले पनि कोषमा आबद्ध हुन सक्छन् ।

### के-के छन् फाइदा ?

योगदान रकमबाट उनीहरूले दुर्घटना तथा अशक्तता सुविधा तथा वृद्धावस्था सुरक्षा योजनामा सहभागी हुन पाउँछन् । यदि यस्ता श्रमिकको मृत्यु भएको अवस्थामा आश्रित परिवारलाई पनि कोषले सुविधा उपलब्ध गराउँछ । योगदान रकमको ७.४८ प्रतिशत रकम दुर्घटना तथा अशक्तता सुरक्षा योजना र आश्रित परिवार सुरक्षा योजनामा जम्मा हुन्छ । त्यस्तै वृद्धावस्था सुरक्षा योजनामा १३.८५ प्रतिशत रकम जम्मा हुने व्यवस्था छ ।

यो सुविधा पाउन घटना घटेको मितिभन्दा अघिको १२ महिनामा कम्तीमा नौ महिनाको योगदान रकम कोषमा जम्मा गरेको हुनुपर्ने प्रावधान छ । त्यस्तै, वृद्धावस्था सुरक्षा सुविधा प्राप्त गर्न भने योगदानकर्ताले वैदेशिक रोजगारी अन्त्य गरी नेपाल फर्किएको हुनुपर्छ । कोषमा हरेक महिना न्यूनतम दुई हजार दुई रूपैयाँ जम्मा गर्नुपर्छ । एकैपटक सात महिना वा सोभन्दा बढीको रकम जम्मा गरे १० प्रतिशतसम्म छुट पाइन्छ । वैदेशिक रोजगारीबाट फर्किंदा पनि कोषमा आबद्ध हुनेले विभिन्न सुविधा पाउने व्यवस्था छ ।

### नियमित योगदान नगरे के हुन्छ ?

कोषमा नियमित योगदान नभए पाउनुपर्ने सुविधाबाट वञ्चित भइन्छ । कोषअन्तर्गतका विभिन्न योजनामध्य स्वास्थ्यसम्बन्धी सेवा पाउनका लागि पछिल्लो छ महिनाको रेकर्डमा तीन महिनाको योगदान गरेको भए पुग्छ । तर दुर्घटना, आश्रित परिवार कोषलगायतको सुविधा पाउन प्रत्येक महिना नियमितरूपमा जम्मा गरेको हुनुपर्दछ ।

# किरात समुदायको इतिहास र सांस्कृतिक पहिचान



■ विविशा पौडेल

नेपाल बहुजातीय, बहुभाषिक, बहुधार्मिक तथा बहुसांस्कृतिक देश हो । यहाँका हरेक जातजाति, समुदाय र तिनको सांस्कृतिक विविधताले नेपाललाई चिनाउने मौलिक आधारहरू छन् । तीमध्ये किरात समुदाय नेपालको एक प्राचीन, मौलिक र ऐतिहासिक समुदाय हो, जसको आफ्नै भाषा, धर्म, रीतिरिवाज, संस्कृति र सामाजिक संरचना छ । किरातभित्र विशेषगरी नेपालका पूर्वी पहाडी भूभागहरूमा बसोबास गर्ने राई, लिम्बू, याख्खा र सुनुवार जाति पर्छन् । यी समुदायको इतिहास, विश्वास प्रणाली र सांस्कृतिक अभ्यासहरूले नेपाली सभ्यताको विकासमा गहिरो प्रभाव पारेका छन् ।

राष्ट्रिय जनगणना २०६८ का अनुसार किरात धर्म मान्ने ३.०५ प्रतिशतबाट बढेर २०७८ मा ३.१७ प्रतिशत पुगेको पाइन्छ । किरात समुदायको उत्पत्ति र इतिहासलाई हेर्दा नेपालकै प्राचीनकालसँग जोडिएको पाइन्छ । यो समुदाय विशेषगरी नेपालको पूर्वी पहाडी भूभागमा बसोबास गर्दै आएका छन् । किरातहरूको इतिहासलाई हेर्दा प्राचीन किरात राजवंश नेपालमा झण्डै ७०० वर्ष शासन गरेको उल्लेख पाइन्छ । किरात वंशका प्रथम राजा यलम्बर थिए, जसले काठमाडौं उपत्यकामा शासन गर्दै किरात सभ्यताको जग बसालेको पाइन्छ । त्यसै अनुसार नेपालको इतिहासमा वर्णित २९ जना किरात राजाहरूले शासन गरी किरात वंशको शासन पनि इतिहासमा लेखेका छन् । उनीहरूले प्राकृतिक शक्तिहरूप्रति गहिरो आस्था राख्ने र प्रकृतिपूजक धर्म अभ्यास गरेको पाइन्छ ।

किरातहरूको शासनकालमा कृषि, वास्तुकला, भाषा र सांस्कृतिक जीवनशैलीले उल्लेखनीय उन्नति प्राप्त गरेको पाइन्छ । महाभारत, वेद, बौद्ध ग्रन्थ र पुराणहरूमा पनि किरातहरूको बारेमा उल्लेख छ, जसले उनीहरूको ऐतिहासिक अस्तित्वको प्रमाण दिन्छ । राजा यलम्बरको नाम महाभारतमा पनि 'किरात राजा'का रूपमा आएको छ । उनले अर्जुनसँग युद्ध गरेको महाभारतमा पनि उल्लेख पाइन्छ । यसको अर्थ उनीहरू केवल आदिवासी जनजातिमात्र नभएर शक्तिशाली शासक पनि थिए भन्ने बुझिन्छ । यो सम्पूर्ण इतिहासले देखाउँछ कि किरात समुदाय केवल नेपालकै नभई सम्पूर्ण हिमाली सभ्यताका प्राचीन सभ्य समुदायमध्ये एक हो ।

किरात समुदायको धर्म मुन्धुममा आधारित छ, जुन मौलिक परम्परा र संस्कारहरूको रूप हो । मुन्धुम किरातहरूको मौलिक धर्मग्रन्थ हो, जसमा सृष्टि उत्पत्ति, धर्मकथा, आचरण र जीवनशैलीको वर्णन पाइन्छ । किरात धर्म प्रकृतिपूजक धर्म भनेर पनि चिनिन्छ । जहाँ आकाश, सूर्य, चन्द्रमा, नदी, रुख, पहाड, आदि प्राकृतिक तत्त्वहरूलाई किरातहरूले विशेष देवता मानेको पाइन्छ । सुम्निमा र पारुहाङलाई किरात धर्ममा प्रमुख देवता मानिन्छ । किरात धर्मले हिंसाविरोधी, नि:स्वार्थ सेवा र सहकार्यमा आधारित सामाजिक मूल्य मान्यता अंगीकार गर्दछ । यो धर्म कुनै लिखित नियमभन्दा बढी व्यावहारिक जीवनशैली र समुदायको नैतिक आचरणसँग जोडिएको छ । पछिल्लो समय किरात धर्म पुनर्जागरण अभियान तीव्र बनेको छ । धार्मिक संगठनहरूद्वारा किरात धर्मको संरक्षण र पुन:स्थापनाका लागि प्रयास भइरहेको छ । भाषा र लिपि किरात समुदाय विविध भाषिक सम्पदा बोकेको समुदाय हो । किरातहरूको मुख्य चार शाखाहरू राई, लिम्बू, याक्खा, सुनुवारका आफ्नै भाषा छन्, जुन तिब्बती-बर्मेली भाषा परिवारमा पर्छन् । राई समुदायमा दर्जनौं उपभाषाहरू वान्तावा, याक्खा, चाम्लिङ, थुलुङ आदि छन् । लिम्बू समुदायमा याक्थुङ भाषा बोलिन्छ, जुन लिम्बूहरूको मातृभाषा हो । याक्खा र सुनुवारका पनि आ-आफ्नै भाषा छ ।

भाषा केवल सञ्चारको माध्यम नभई संस्कृति, ज्ञान र पहिचानको स्रोत हो । लिम्बू भाषामा सिरिजंगा लिपि प्रयोग हुन्छ, जसको विकास १७औं शताब्दीमा तेजबहादुर सिरिजंगाले गरेका थिए । सिरिजंगा लिपिको माध्यमबाट लिम्बू भाषा पढ्न, लेख्न र साहित्य सिर्जना गर्ने अभ्यास पुन: सुरु भएको छ । राई समुदायमा हालसम्म साझा लिपिको विकास हुन सकेको छैन तर देवनागरी प्रयोग गरिन्छ । भाषा संरक्षणमा विभिन्न संघसंस्थाहरू, रेडियो कार्यक्रम, मातृभाषामा शिक्षा, साहित्य प्रतियोगिता आदिको भूमिका उल्लेखनीय छ । तथापि, भाषाहरू लोप हुने खतरा यथावत् छ । संरक्षण नहुँदा किरात भाषाहरू मरेर जान सक्ने जोखिम उच्च छ । किरात समुदायको संस्कार, परम्परा र सांस्कृतिक जीवनशैली अत्यन्त समृद्ध छ । उनीहरूका पर्व, नाच, गीत, लुगा, खानपान, र सामाजिक चलनले पृथक सांस्कृतिक पहिचान दिन्छ ।

मुख्य पर्वहरूमा उभौली र उधौली अत्यन्त महत्त्वपूर्ण छन् । उभौली खेतीको सुरुआत र उधौली बाली भित्र्याएपछि प्रकृतिप्रति धन्यवाद दिने पर्व हुन् । यिनमा सामूहिक साकेला नृत्य गरेको पाइन्छ । साकेला नाचमा महिला-पुरुषले गोलो घेरा बनाई मादलको तालमा परम्परागत पोसाकको साथमा नाच्ने गरेको पाइन्छ । खानपानमा सिस्नुको तरकारी, सुँगुरको मासु, कोदोको ढिँडो, रक्सी आदि खानेकुराको चलनमा भएको पाइन्छ ।

किरात समाजमा महिलाहरूको सामाजिक, सांस्कृतिक र आर्थिक भूमिकालाई विशेष महत्त्व दिइन्छ । महिलालाई परिवारको निर्णय प्रक्रियामा समावेश गरिन्छ । गृहकार्य, कृषि, पशुपालन, पर्वमा सहभागिता, तथा सांस्कृतिक र धार्मिक विधिमा महिलाहरूको भूमिका उल्लेखनीय छ । राई र लिम्बू समुदायमा महिलाहरू साकेला, विवाह, श्राद्धजस्ता कार्यक्रममा पूरै सहभागिता जनाउँछन् । उनीहरू गीत, नृत्य, मुन्धुम गायन आदिमा निपुण हुन्छन् ।

२०४६ को जनआन्दोलनपछि किरात समुदायमा सामाजिक जागरण तीव्र रूपमा बढेको पाइन्छ । उनीहरू आफ्नो भाषा, धर्म, संस्कृति र पहिचानका सवालमा सचेत बनेका छन् । किरात याक्थुङ चुम्लुङ, किरात राई यायोक्खा, सुनुवार सेवा समाज आदि संस्थाहरूले सामाजिक, सांस्कृतिक अभियान सञ्चालन गरिरहेका छन् । यिनै संस्थाहरूले मुन्धुमको पुनर्जागरण, मातृभाषामा शिक्षा, धार्मिक मान्यता र राजनीतिक प्रतिनिधित्वको माग गर्दै आएका छन् । राज्य पुनर्संरचनाको सन्दर्भमा किरात भू-भागलाई स्वशासित क्षेत्रको रूपमा व्यवस्थापन गरियोस् भन्ने माग पनि राखिएको छ । त्यस्तै धार्मिक स्वतन्त्रता, सांस्कृतिक संरक्षण, जातीय स्वायत्तता र सामाजिक न्यायका पक्षमा किरात समुदायले अहिंसात्मक आन्दोलन गर्दै आएका छन् । उनीहरूको आन्दोलनले राज्यमा पहिचानको बहसलाई गहिरो बनाएको छ ।

किरात समुदाय नेपालको प्राचीन सभ्यता बोकेको, मौलिक धर्म, भाषा र संस्कृति भएको समुदाय हो । उनीहरूको इतिहास, धर्म, भाषा, पर्व, नृत्य, संस्कार र जीवनशैली नेपाली समाजको अमूल्य सम्पदा हो । तर समकालीन चुनौतीहरूले यो सम्पदा मेटिँदै जाने खतरा उत्पन्न भएको छ । त्यसैले किरात समुदायको भाषा, धर्म र संस्कृतिको संरक्षण र प्रवर्द्धनका लागि सरकारी, सामाजिक र शैक्षिक क्षेत्रबाट विशेष ध्यान दिनुपर्छ । किनकि विविधतामा एकता नेपालकै शक्ति हो भने किरात समुदायजस्ता आदिवासी जनजातिको समावेशी विकास र आत्मसम्मानपूर्ण सहभागितामै समृद्ध नेपालको आधार लुकेको छ ।

# हेटौंडामा सडक विस्तार गर्न ५३१ भौतिक संरचना भत्काइने

**बागमती–** बागमती प्रदेशको राजधानी रहेको हेटौंडा मुख्य बजार क्षेत्रको सडक विस्तारका लागि यही मंसिर २० गतेदेखि डोजर चलाएर संरचना भत्काउने तयारी गरिएको छ ।

सडक सीमाभित्र पर्ने स्थायी र अस्थायी घरटहरालगायतका संरचना हटाउन मंसिर ५ गते सार्वजनिक सूचना जारी गरे पनि स्थानीयले चासो नदेखाएपछि सडक डिभिजन कार्यालय हेटौंडाले मंसिर २० गतेदेखि डोजर चलाएर संरचना भत्काउने तयारी गरेको हो ।

सडक डिभिजन कार्यालय हेटौंडाका प्रमुख गुरूप्रसाद अधिकारीका अनुसार हेटौंडामा सडक विस्तार गर्दा सडकको दायाँतर्फ २३४ र बायाँतर्फ २९७ गरी दुवैतर्फका ५३१ घरटहरा तथा संरचना भत्काइने छन् ।

पहिलो चरणमा पूर्वपश्चिम राजमार्गअन्तर्गत हेटौंडा उपमहानगरपालिका-१५ रातोमाटेदेखि हेटौंडा बुद्ध चोक हुँदै राप्ती पुलसम्म र त्रिभुवन राजपथअन्तर्गत बुद्ध चोकदेखि सामरी पुलससम्मको सडक सीमा खाली गरिने प्रमुख अधिकारीले बताए ।

पटक-पटक रोकिँदै आएको सडक विस्तारको काम यसपटक अगाडि बढाइने र करिब साढे नौ किलोमिटर सडक क्षेत्रभित्र रहेका नेपाल बैंक लिमिटेड तथा हिमालयन बैंक र तीनवटा पेट्रोल पम्पलगायतका भौतिक संरचना हटाउनुपर्ने प्रमुख अधिकारीको भनाइ छ ।

विस्तार हुने सडक सीमाक्षेत्र पर्ने तीनवटै पेट्रोल पम्पलाई अन्य स्थानमा स्थानान्तर नभएसम्म पेट्रोलियम पदार्थ उपलब्ध नगराउन सडक डिभिजन कार्यालय हेटौंडाले नेपाल आयल निगमलाई पत्राचार गरिसकेको छ । मुख्य सडकको दायाँबायाँ दुवैतर्फको संरचना हटाउन पटक-पटक सूचना जारी गर्दासमेत स्थानीयले अटेर गरेपछि स्थानीय प्रशासनले त्यस्ता संरचना हटाएर सडक विस्तारको काम अघि बढाउन पहल थालेको हो ।

जिल्ला प्रशासन कार्यालय मकवानपुरको पहलमा विशेष 'टास्क फोर्स' गठन गरी सडक विस्तारलाई अघि बढाएको छ । सडक डिभिजन कार्यालय हेटौंडाका सूचना अधिकारी इञ्जिनियर यादव सुवेदीको संयोजकत्वमा गठित टास्क फोर्सले पूर्वपश्चिम राजमार्ग तथा त्रिभुवन राजपथअन्तर्गत सडक सीमा अतिक्रमण गरी बनेका स्थायी तथा अस्थायी संरचनाको नाप नक्सा र रेखांकन गरी रङ लगाउने काम गरिरहेको छ ।

'हामीले पाएको जिम्मेवारीअनुसारको काम सुरु गरिसकेका छौं,' उनले भने, ' पहिलो चरणमा हामीले संरचना हटाउन माइकिङ गर्ने, सडकको दुवैतिर नाप र रेखांकनको काम अघि बढाइसकेका छौं ।' काम गर्ने क्रममा समस्या नहोस् भन्ने टोलीमा अन्य सरोकारवाला निकायका प्रतिनिधिलाई पनि राखेर अघि बढेको उनको भनाइ छ ।

गठित विशेष टास्क फोर्स समितिमा उपमहानगरपालिका, जिल्ला प्रहरी कार्यालय, नापी कार्यालय, खानेपानी व्यवस्थापन बोर्ड, वन कार्यालय, नेपाल विद्युत् प्राधिकरण र दूरसञ्चार प्राधिकरणलगायतका सरोकारवाला निकायका प्रतिनिधि सदस्य छन् ।

टास्क फोर्सले हेटौंडा सडक विस्तारका लागि एसियाली विकास बैंक (एडिबी) बाट स्रोत सुनिश्चित भइसकेकाले सडक विस्तारको कामलाई तीव्ररूपमा अघि बढाइने प्रमुख जिल्ला अधिकारी वसन्त अधिकारीले बताए । उनले सडक विस्तारका क्रममा विद्युत् खानेपानी, टेलिफोनलगायतका अत्यावश्यक सेवा अवरोध नहुनेगरी सरोकारवाला निकायसँग निरन्तर समन्वय गरी काम अघि बढाउने तयारी भएको बताए ।

पूर्वपश्चिम राजमार्गअन्तर्गत हेटौंडाको रातमाटेदेखि बुद्धचोक हुँदै राप्ती खोला पुलसम्म तथा त्रिभुवन राजपथअन्तर्गत बुद्धचोकदेखि सामरी पुलसम्मको सडकखण्डमा सडकको मध्य भागबाट दायाँबायाँ २५/२५ गजभित्र निर्माण भएका स्थायी र अस्थायी घरटहरा तथा अन्य संरचना १५ दिनभित्र हटाउन सडक डिभिजन कार्यालय हेटौंडाले गत शुक्रबार सार्वजनिक सूचना जारी गरिसकेको छ ।

तोकिएको समय सीमाभित्र धनीले त्यस्तो संरचना नहटाए सडक डिभिजन कार्यालयले भत्काएर हटाउने र त्यसमा लाग्ने सम्पूर्ण लागत खर्च सम्बन्धित व्यक्तिबाटै धनीमा असुलउपर गर्ने जनाएको छ । *रासस*

# बझाङ र बाजुरामा जीविकोपार्जन कार्यक्रम कार्यान्वयन

**गोदावरी (कैलाली)–** सुदूरपश्चिमका बाजुरा र बझाङ जिल्लामा जलवायु उत्थानशील भूपरिधि तथा जीविकोपार्जन कार्यक्रम कार्यान्वयनमा आएको छ ।

जलवायु परिवर्तनको जोखिममा रहेका समुदायको जीविकोपार्जनमा टेवा पुऱ्याउने उद्देश्यका साथ नेपाल सरकार र एसियाली विकास बैंकको साझेदारीमा दुवै जिल्लामा कार्यक्रम कार्यान्वयन भएका हुन्। सुदूरपश्चिम प्रदेश उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालयका प्रवक्ता भरतप्रसाद श्रेष्ठका अनुसार वन तथा वातावरण मन्त्रालय र वन तथा भूसंरक्षण विभागले ती जिल्लामा कार्यक्रम कार्यान्वयन सुरु गरिएको हो । बाजुराका नौ स्थानीय तह र बझाङको जयपृथ्वी नगरपालिका, छबिसपाथिभरा, मष्टा र तलकोट गाउँपालिकामा आगामी पाँच वर्षसम्म कार्यक्रम कार्यान्वयन हुने छ ।

स्थानीय तहमा खानेपानी, कृषि, वन, पर्यटन, पूर्वाधारलाई केन्द्रमा राखेर एकीकृत जलाधार व्यवस्थापन, जलवायु अनुकूलन भूस्खलन न्यूनीकरण साथै वृक्षरोपणसहित हरित आयआर्जनजका कार्यक्रम सञ्चालन गरिने छ ।

प्रवक्ता श्रेष्ठले पानीको स्रोत संरक्षण, व्यवस्थापन, बहुआयामिक उपयोग, व्यवस्थापन, भूमिगत जल भण्डारणको संरक्षण, कृषि वन प्रणाली, भू-उत्पादकत्व वृद्धिसँगै पिछडिएका समुदायको जीविकोपार्जन सुधारका कार्यक्रम सञ्चालन गरिने बताए ।

उक्त कार्यक्रम सञ्चालन गर्न जिल्लास्थित भू-तथा जलाधार कार्यालय, जलस्रोत सिँचाइ विकास डिभिजन कार्यालय, खानेपानी तथा सरसफाइ डिभिजन कार्यालयमा एकएक जना सबइञ्जिनियर र डिभिजन वनलाई प्राविधिकको आवश्यक जनशक्ति प्रदान गरिसकेको उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालयले जनाएको छ । कार्यक्रमबाट वन र पारिस्थितिकीय प्रणालीको दिगो र समावेशी व्यवस्थापन, वन विनाश रोक्न, कार्बन प्रशोधन क्षमता विस्तार हुने जनाइएको छ ।

यसैगरी सो कार्यक्रमअन्तर्गत बडिमालिका र खप्तड जोड्ने पदमार्गलगायत पूर्वाधार निर्माणका लागि चालु आर्थिक वर्षमा सात करोड रूपैयाँ बजेट विनियोजन भएको छ । सुदूरपश्चिमको पर्यटन प्रवर्द्धन गरी स्थानीय बासिन्दाको आयआर्जनमा टेवा पुऱ्याउने उद्देश्यले बडिमालिका र खप्तड जोड्ने पदमार्गलगायत पूर्वाधार निर्माण गरिने छ ।

भू-तथा जलाधार कार्यालयका अनुसार जलवायु परिवर्तनका कारण कृषि, पानीको आपूर्ति र खाद्य सुरक्षामा प्रत्यक्ष प्रभाव परेको छ। विशेषगरी ग्रामीण क्षेत्रका महिलाहरू, दलित, आदिवासी जनजाति र आर्थिकरूपमा पिछडिएका समुदाय बढी प्रभावित भएका छन् । *रासस*


**युएइमा रोजगार** कम्पनी : S K SOLUTIONS FACILITY SERVICES L.L.C.

पूर्व स्वीकृति मिति : २०८२/०८/१६ | LT. No. 334660 | चलानी नं. ६०२४८३४८

| सि.नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | AED | ने.रू. | | | | | | | |
| 1 | Packers | 100 | 0 | 1000 | ३९,११० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Cleaners | 100 | 0 | 1000 | ३९,११० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ मंसिर २५ गते (11th Dec. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

YOUNG MANPOWER PVT.LTD.
Gaushala-9, Kathmandu, Nepal, Tel: +977-1-4583814, 4583815 , 4583816
E-mail : youngmanpower123@gmail.com, Web: https://www.youngmanpower.com.np/
Govt. License No. 1047/073/74

**कतारमा रोजगार** कम्पनी : AL SHERA TRADING AND CONTRACTING WLL

पूर्व स्वीकृति मिति : २०८२/04/०९ | पुन: विज्ञापन स्वीकृति मिति : २०८२/०८/१७ | LT. No. 327860 | चलानी नं. ६०२४१७३७

| सि.नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | QR | ने.रू. | | | | | | | |
| 1. | Dry Cleaner Worker | 5 | 6 | 1000 | ३९,३८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : AL SHERA TRADING AND CONTRACTING WLL

पूर्व स्वीकृति मिति : २०८१/०६/१४ | पुन: विज्ञापन स्वीकृति मिति : २०८२/०८/१७ | LT. No. 311573 | चलानी नं. ६०२२६०४८

| सि.नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | QR | ने.रू. | | | | | | | |
| 1. | Sales-Man | 1 | 0 | 1500 | ५९,०७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Representative | 1 | 0 | 2200 | ८६,६४५ | | | | | | | |
| 3. | Receptionist | 1 | 0 | 2100 | ८२,७१० | | | | | | | |
| 4. | Mason | 3 | 0 | 1200 | ४७,२६० | | | | | | | |
| 5. | General Cleaning Worker | 0 | 0 | 1000 | ३९,३८५ | | | | | | | |
| 6. | Driver | 1 | 0 | 1500 | ५९,०७५ | | | | | | | |
| 7. | Assistant | 0 | 0 | 1200 | ४७,२६० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ मंसिर २५ गते (11th Dec. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

MINAWA RECRUITMENT H.R. PVT LTD
Govt.Lic. No- 1168/073/074
Pingalasthan-09, Kathmandu (Nepal), T: 01-4591510, 01-4591511
E:-minawarecruitment@gmail.com I w:-www.minawarecruitment.com


# जेन-जी आन्दोलनका क्रममा प्रहरी कार्यालयमा क्षति पुऱ्याउने धरौटीमा छुटे

**काभ्रेपलाञ्चोक–** गत भदौ २३ र २४ गतेको जेन-जी आन्दोलनका क्रममा काभ्रेपलाञ्चोकको विभिन्न प्रहरी कार्यालय तोडफोड, आगजनी, लुटपाट गरी क्षति पुऱ्याउनेलाई जिल्ला अदालत कार्यालय काभ्रेपलाञ्चोकले धरौटीमा छाड्ने आदेश दिएको छ ।

जिल्ला न्यायाधीश मातृकाप्रसाद आचार्यको इजलाशले पक्राउ परेका सबैलाई धरौटीमा छाड्न आदेश दिएको अदालतकी श्रेस्तेदार इन्दिरा कार्की गेलालले जानकारी दिइन् । उनका अनुसार बनेपास्थित इलाका प्रहरी कार्यालय र जिल्ला ट्राफिक प्रहरी कार्यालयको भवन तथा सोही भवन बाहिर राखिएका सवारीसाधनमा क्षति गराएको, प्रहरी चौकी पनौतीको भवन, पनौतीस्थित सडकखण्डमा रहेको प्रहरी बिट, धुलिखेल नगरपालिकास्थित बसपार्कमा रहेको प्रहरी बिट, बनेपामा रहेको प्रहरी बिट तथा प्रहरीका लत्ताकपडामा आगजनी तथा तोडफोड गरी भवनभित्रका हतियार र गोली लुटपाट तथा चोरी अभियोगमा पक्राउ परेका १२ जनालाई जिल्ला अदालतले न्यायिक मनका आधारमा धरौटीमा छाड्न आदेश दिएको हो ।

पक्राउ परेकामध्ये साकार केसीलाई ९० हजार रूपैयाँ, अनिश सापकोटा र रविन्द्र परियारलाई जनही ६० हजार रूपैयाँ, समिर तामाङ, सुबास तामाङ, सुमन केसी, ङेमा मोक्तान, रमेश तिमल्सिना, विशाल तामाङ भन्ने विशाल भ्लोन, अभि शुद्धाकार र भिम तामाङलाई जनही ३० हजार रूपैयाँका दरले धरौटीमा छाड्ने आदेश दिएको श्रेस्तेदार कार्कीले बताइन् । त्यस्तै अजय तामाङलाई २० हजार रूपैयाँ धरौटी माग गरेको जनाइएको छ । उनका अनुसार धरौटी बुझाएर सबै रिहा भएका छन् ।

प्रहरीले भिडियो र फोटोसहित पक्राउ परेकालाई आपराधिक उपद्रवमा मुद्दा दर्ता गरेको थियो । क्षतिग्रस्त प्रहरी कार्यालयको पाँच करोड ४२ लाख ७६ हजार रूपैयाँ क्षति भएको प्रारम्भिक मूल्यांकन गरिएको थियो । गत कात्तिक अन्तिम साता पक्राउ परेका अन्य थप पाँचलाई भने मंगलबार म्याद थप गरी अनुसन्धान भइरहेको कार्कीले जानकारी दिए ।

जिल्लाका विभिन्न स्थानमा आगजनी र लुटपाटमा संलग्नविरुद्ध कार्यालयमा परेको उजुरीका आधारमा घटनाको अनुसन्धानसँगै आन्दोलनका क्रममा आपराधिक घटनामा संलग्नको खोजी भइरहेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।

जिल्ला प्रहरी कार्यालयका प्रहरी प्रमुख एवं प्रहरी उपरीक्षक कोमल शाहले कार्यालयमा छ वटा निजी संरचनामा भएको क्षतिबारे उजुरी परेपछि विशेष अनुसन्धान भइरहेको बताए । प्रदर्शनका क्रममा काभ्रेपलाञ्चोकमा विभिन्न १८ वटा सरकारी तथा निजी संरचनामा क्षति पुऱ्याइएको थियो । *रासस*

# सूर्यविनायक-साँगा सडक बिस्तारको काम बल्ल ३८ प्रतिशत

**भक्तपुर (प्रस)–** सूर्यविनायक-धुलिखेल छ लेन सडक विस्तारको काम अत्यन्त सुस्त हुँदा ३८ प्रतिशत काममात्रै सम्पन्न भएको छ ।

आशिष-कुमार श्रेष्ठ-बन्धन भगवती जेभीले २०७९ पुस २४ गते निर्माण सुरु भएको ७.५ किलोमिटर लामो सुर्यविनायक-साँगा सडक सुधार तथा विस्तार परियोजनामा ३४ महिनासम्म पनि जम्मा ३८ प्रतिशत काममात्र सम्पन्न भएको छ । तीन वर्षमै सम्पूर्ण निर्माण कार्य सम्पन्न गर्ने गरी तीन अर्ब ८८ करोड ९३ लाख रूपैयाँमा ठेक्का सम्झौता भए पनि दुई महिनामात्र बाँकी रहँदा अझै ६२ प्रतिशत निर्माण कार्य बाँकी रहेको आयोजनाका इञ्जिनियर विवेक पाण्डेले जानकारी दिए ।

इञ्जिनियर पाण्डेले तोकिएको समयमै काम पूरा गर्न नसकिने बताउँदै सूर्यविनायक-साँगा खण्डमा पर्ने घर-टहरा हटाउन र मुआब्जामा विवाद देखिएपछि निर्माण कार्य नै प्रभावित भएको जानकारी दिए । सडक विस्तार आयोजना र ठेकेदार कम्पनीबीच निर्माण कार्यको म्याद थप गर्नेबारे छलफल भइरहेको जानकारी दिँदै इञ्जिनियर पाण्डेले म्याद थप भएमा असार मसान्तसम्म सूर्यविनायक-साँगा खण्डमा कालोपत्र गर्ने कार्य सम्पन्न गर्न सकिने बताए ।

सडक विस्तारमा सुस्ताएसँगै काभ्रेपलाञ्चोकको धुलिखेल भक्तपुर हुँदै काठमाडौं प्रवेश गर्ने दैनिक यात्रुहरूले सास्ती बेहोर्नुपरेको छ। सडक निर्माणको दोस्रो खण्ड साँगा-धुलिखेलको ८.३ किलोमिटर सडक अहिले तीव्र गतिमा कालोपत्रेको काम भइरहेको उनले जानकारी दिए ।


Fewa HR Solutions Pvt. Ltd.
KMC-32, Tinkune, Kathmandu, Office: +977-1-4117992, 4117997
E-mail: fewahrsolutions@gmail.com, website: www.fewahrsolutions.com
श्रम इजाजत नं. १४८५/०७४/०७५

**साउदीमा रोजगार** कम्पनी : AL ARABIA AL-MATHALIA GENERAL CONTRACTING COMPANY | शेवा शुल्क:१०,000

पूर्व स्वीकृति मिति : २०८२/०८/१७ | LT. No. 334771 | चलानी नं.६०२४८३८३

| सि.नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | SR | ने.रू. | | | | | | | |
| 1 | CONSTRUCTION WORKERS | 4 | 0 | 1000 | ३८,२७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ मंसिर २५ गते (11th Dec. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | रु.७००/- कामदार आफैंले | कामदार आफैं |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**साउदीमा रोजगार** कम्पनी : GULF OASIS MANPOWER SUPPLY L.L.C.

पूर्व स्वीकृति मिति : २०८२/०८/१७ | LT. No. 334482 | चलानी नं. ६०२४८४०४

| सि.नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | SR | ने.रू. | | | | | | | |
| 1 | Cleaner | 100 | 0 | 1200 | ४५,९२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ मंसिर २५ गते (11th Dec. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

GREAT NEPAL H.R PVT.LTD.
Chundevi-04, Kathmandu, Nepal, Ph. No: 01-4547074, Mobile: 9705000446/9705000447/9705000448
9705000449/9705000450/9705000451/9705000452 E-mail : infogreatnepalhr2000@gmail.com, Web: www.greatnepalhr.com.np
Govt. License No. 1688/080/081

**मलेसियामा रोजगार** कम्पनी : SMART FORCE SECURITY SERVICES SDN BHD

पूर्व स्वीकृति मिति : २०८२/०१/२१ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/04/१३ | LT. No. 322888 | चलानी नं. ६०२३६९४७

| सि.नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | RM | ने.रू. | | | | | | | |
| 1 | Security Guard | 126 | 0 | 1700 | ५९,५२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ मंसिर २५ गते (11th Dec. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Global Dynamic Manpower Solution Pvt. Ltd
Sinamangal-9, Kathmandu, Nepal. , E-mail: globaldynamics1594@gmail.com, Mob: 9806931497, 9744234691
श्रम इजाजत नं.१५९४/०७९/८०

**साउदीमा रोजगार** कम्पनी : ADARA FOR MEALS SHARIKAT SHAKHS WAHID

पूर्व स्वीकृति मिति : २०८२/०८/१७ | LT. No. 334690 | चलानी नं. ६०२४८४१४

| सि.नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | SR | ने.रू. | | | | | | | |
| 1 | Chef | 1 | 0 | 2200 | ८४,९१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ मंसिर २५ गते (11th Dec. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

HAPPY NEPAL EMPLOYMENT PVT. LTD
Maharajgunj-3, 2 No. Gate President House Kathmandu, Nepal, Tel: +977-1-4535733/4538533, Mob: 9810124818, 9847364227,
Kalyan Thapa: 9840510091, 9851194513, Email: happynepalemployment@gmail.com, Web: www.happynepalemployment.com.np
Branch Office: Prithivichowk -8, Pokhara, Kaski, Mob: 9806625652, Email: happynepalemploymentpvtltdpokh@gmail.com
श्रम इजाजत नं. ८८३/०६७/०६८


# झापामा डेढ सयभन्दा बढी मतदान केन्द्र थपिने

**झापा–** आगामी फागुन २१ गते हुने प्रतिनिधिसभाको निर्वाचनलाई लक्षित गर्दै जिल्लाका दुई मतदानस्थल सारिएको छ । असहज परिस्थितिका कारण ती मतदानस्थल सारिएको निर्वाचन कार्यालयले जानकारी दिएको छ ।

कार्यालयका प्रमुख तुलसीप्रसाद नेपालले मतदानस्थल रहेका स्वास्थ्य केन्द्र नगर अस्पतालमा परिणत भएर बिरामीको चाप बढेका कारण अर्को स्थानमा सारिएको बताए । उनका अनुसार मेचीनगर नगरपालिका-१० मा रहेको धुलाबारी स्वाथ्य कार्यालय र विर्तामोड नगरपालिका-३ मा रहेको विर्तामोड स्वास्थ्य केन्द्रबाट सारिएको हो । हाल दुवै स्वास्थ्य कार्यालय नगर अस्पतालमा स्तरोन्नति भएका छन् ।

'नगर अस्पतालमा सेवाग्राहीको चाप बढी हुन्छ,' उनले भने, 'चुनावका बेला तीन-चार दिन अस्पताल बन्द गर्नुपर्ने हुन्छ, यसो हुँदा सेवाग्राहीलाई असर पर्ने देखेर सारिएको हो ।' उनले धुलाबारी स्वास्थ्य केन्द्रको मतदानस्थललाई सोही वडाको वडा कार्यालय र विर्तामोड स्वास्थ्य केन्द्रको मतदानस्थललाई नजिकै रहेको डोमालाल राजवंशी रंगशालामा सारिएको बताए ।

उनले जिल्लामा विगतमै रहेका २८५ मतदानस्थल नै कायम रहने जानकारी दिए । उनले जिल्लामा थपिएका ३५ हजार ९८२ जना नयाँ मतदाताको आधारमा मतदान केन्द्र थपिने जानकारी दिए । उनका अनुसार एउटा मतदान केन्द्रमा एक हजार जना मतदाता हुने छन् । उनले आगामी प्रतिनिधिसभाको निर्वाचनमा डेढ सयभन्दा बढी मतदान केन्द्र थपिने अनुमान रहेको बताए । झापामा नयाँ थपिएका मतदातासहितको संख्या सात लाख १४ हजार ५९५ पुगेको छ । *रासस*

दावी विरोध सम्बन्धी
वैदेशिक रोजगार विभाग, काठमाडौंको

**सूचना**

प्रकाशित मिति: २०८२/०८/१८

नेपाल सरकारबाट वैदेशिक रोजगार व्यवसाय संचालन गर्न इजाजत प्राप्त संस्था **RASUWA OVERSEAS PVT. LTD.** (**ई.प.नं.** 1130/073/074) को संचालक/शेयरधनीले आफ्नो नाममा कायम रहेको शेयरहरु दा.खा. नामसारी गरि पाउन कम्पनी रजिष्ट्रारको कार्यालयका नाममा सहमतिको सिफारिश गरिदिन यस विभागमा निवेदन दिएको हुँदा माग बमोजिम मृत्युपछिको हक हस्तान्तरण शेयर दा.खा. नामसारीको सहमति दिँदा कोही कसैको हक स्वामित्व तथा लेनदेनमा असर पर्ने भए वा कसैलाई मर्का पर्ने भएमा यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र सबुद प्रमाण सहित **वैदेशिक रोजगार विभाग**मा सम्पर्क गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यस विभागको **मिति** २०८२/०८/१७ को निर्णयानुसार यो सूचना प्रकाशित गरिएको छ । अन्यथा माग बमोजिम शेयर नामसारीको लागि सहमति भै जाने व्यहोरा समेत यसै सूचनाबाट जानकारी गराईन्छ ।

तपसिल

| साविक शेयरधनीहरूको नाम र शेयर संख्या | अब कायम हुने शेयरधनीहरूको नाम र शेयर संख्या |
|---|---|
| १. सुवर्ण लामा - ०१ देखि २५००० सम्म<br>२. देव बहादुर के.सी. - २५००१ देखि ५०००० सम्म | १. सुवर्ण लामा - ०१ देखि १६५०० सम्म<br>२. देव बहादुर के.सी. - १६५०१ देखि ३३००० सम्म<br>३. जगदिश ज्ञवाली - ३३००१ देखि ५०००० सम्म |

## सातकन्या बचत तथा ऋण सहकारी संस्था लि.

का.म.न.पा-०६, शान्तिनगर, काठमाडौं
फोन नं.: ०१-४८२३५२०, Email: satkanyasaving1@gmail.com

**कर्जा चुक्ता सम्बन्धी ३५ दिने सार्वजनिक सूचना**

**प्रथम पटक प्रकाशित मिति: २०८२/०८/१८**

तपशिलमा उल्लेखित तपाई ऋणीहरूले विभिन्न शिर्षक अन्तर्गत यस संस्थाबाट कर्जा लिई कर्जा लिंदा गरेको शर्त कबुलियत बमोजिम बुझाउनु पर्ने साँवा, ब्याज, हर्जाना तथा अन्य दै दस्तुर आदि नबुझाई बाँकी बक्यौता राखेको कारण तपाई ऋणी तथा जमानीकर्तालाई मौखिक तथा लिखित रूपमा ताकेता गरी बाँकी बक्यौता बुझाउन आउनु होस् भनि अनुरोध गर्दा पनि बेवास्ता गरी बसेकोले कर्जा चुक्ता सम्बन्धी ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको तसर्थ यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र यस संस्थामा उपस्थित भई यस संस्थाबाट लिएको कर्जाको साँवा ब्याज हर्जाना तथा विलम्ब, बाँकि बक्यौता बुझाउन आउनु वा सो बुझाई सकेको भए सोको प्रमाण पेश गर्न आउनु होला । नआएमा प्रचलित कानून बमोजिम बाँकी बक्यौता असुल उपर गरी पाउ भनि उजुरी गरी तपाई वा तपाईको घरका अंशियारको नाउँमा रहेको चल अचल सम्पत्ति रोक्का राखि असुल उपर गरिने व्यहोरा पनि जानकारीको लागि अनुरोध छ ।

**तपसिल**

| क्र.स. | ऋणीको विवरण | जमानीकर्ताको विवरण |
|---|---|---|
| १ | **नाम : श्यामाकान्त शर्मा**<br>स्थायी ठेगाना: मननपुर पुर्वी चम्पारण राजपुर, विहार, ८४५४३२<br>अस्थायी ठेगाना: काठमाडौं ६, कपन<br>श्रीमतीको नाम: महारानी शर्मा<br>पिताको नाम: भेवलाल शर्मा<br>आधार कार्ड नं: ५२६१७७१५२९१९३<br>जन्म मिति: ०१/०१/१९७३ | **नाम : ऋषी राज शर्मा**<br>अस्थायी ठेगाना: चापागाउँ ०२, ललितपुर<br>पिताको नाम: श्याम कान्त शर्मा<br>बाजेको नाम: मेवलाल शर्मा<br>आधार कार्ड नं: ६४८८५७७०४२८४<br>जन्म मिति: ०१/०१/२००४ |
| २ | **नाम : मदन संयोक लिम्बु**<br>स्थायी ठेगाना: साधु-८, ताप्लेजुङ<br>अस्थायी ठेगाना: काठमाडौं ६, कपन<br>पिताको नाम: मन ब. लिम्बु<br>बाजेको नाम: खिल ब. लिम्बु<br>ना. नं: ६७२९८/२४३२<br>ना. जारी मिति: २०६३/०६/३० | |
| ३ | **नाम : रूप माया तामाङ**<br>ना. नं: २४५०<br>जन्म मिति: २०३५/०८/१६<br>जारी मिति: २०५९/०६/१८<br>स्थायी ठेगाना: गोली ४, सोलुखुम्बु<br>अस्थायी ठेगाना: काठमाडौं ६, कपन<br>पिताको नाम: बुद्धिमान तामाङ<br>श्रीमानको नाम: सुर्य ब. तामाङ | |
| ४ | **नाम : मिलन तिमल्सिना** <br>ना. नं: ६१/४०६३१<br>जन्म मिति: २०४५/०६/२६<br>जारी मिति: २०४६/०८/१०<br>श्रीमतीको नाम: अन्जुर घिमिरे<br>स्थायी ठेगाना: भैसे ३, मकवानपुर<br>अस्थायी ठेगाना: का.म.न.पा.-६, कपन<br>पिताको नाम: रुद्र प्रसाद तिमल्सिना | **नाम : अन्जु घिमिरे**<br>ना. नं: ०६-०१-६९-०७००९<br>जन्म मिति: २०५०/१०/२४<br>जारी मिति: २०६९/०७/०१<br>श्रीमानको नाम: मिलन तिमल्सिना<br>अस्थायी ठेगाना: का.म.न.पा.-६, कपन<br>पिताको नाम: पुण्य प्रसाद घिमिरे |
| ५ | **नाम : भरत गिरि** <br>ना. नं: १००५/५५९१६<br>जन्म मिति: २०२८/११/०५<br>जारी मिति: २०४६/०८/१०<br>स्थायी ठेगाना: मेलम्ची-८, सिन्धुपाल्चोक<br>अस्थायी ठेगाना: का.म.न.पा.-६, कपन<br>पिताको नाम: तारा नाथ गिरि<br>श्रीमतीको नाम: बेलु कुमारी गिरि | **नाम : बेलु कुमारी गिरि**<br>जन्म मिति: २०३१/०५/२४<br>जारी मिति: २०६०/०८/२४<br>स्थायी ठेगाना: मेलम्ची-९, सिन्धुपाल्चोक<br>अस्थायी ठेगाना: का.म.न.पा.-६, कपन<br>पिताको नाम: किन्नेर पुरी<br>श्रीमानको नाम: भरत गिरि |
| ६ | **नाम : हेम ब. खड्का** <br>ना. नं: १२५०२/३३१०४<br>जन्म मिति: १८ वर्ष<br>जारी मिति: २०४३/०१/०७<br>स्थायी ठेगाना: मेलम्ची-८, सिन्धुपाल्चोक<br>अस्थायी ठेगाना: का.म.न.पा.-६, कपन<br>पिताको नाम: उदय ब. खड्का<br>बाजेको नाम: रुद्र ध्वज खड्का | **नाम : सुर्य ब. खड्का**<br>पिताको नाम: हेम ब. खड्का<br>बाजेको नाम: उदय ब. खड्का |
| ७ | **नाम : युवराज तामाङ्ग**<br>ना. नं: १०७४/४५२<br>जन्म मिति: २०४९/१०/१८<br>जारी मिति: २०६८/१०/१५<br>पिताको नाम: सुर्य ब. तामाङ्ग<br>बाजेको नाम: कृष्ण ब. तामाङ्ग<br>स्थायी ठेगाना: मेलम्ची-८, सिन्धुपाल्चोक | **नाम : हेम ब. खड्का** |
| ८ | **नाम : दावा लामा** <br>ना. नं: १३५१७७<br>जन्म मिति: २०४२/११/२३<br>जारी मिति: २०६१/०१/२०<br>पिताको नाम: बुझुङ लामा<br>बाजेको नाम: दि ब. लामा<br>ठेगाना: मेलम्ची-९, ज्यामिरे, सिन्धुपाल्चोक | |
| ९ | **नाम : मिरा थपलिया**<br>ना. नं: २६१/१७०२०<br>जन्म मिति: २०४०/११/२१<br>जारी मिति: २०६४/०९/१९<br>पिताको नाम: खड्केश्वर थपलिया<br>बाजेको नाम: हिरालाल थपलिया<br>ठेगाना: कुम्पुर-३, धादिङ्ग | **नाम : टिका बहादुर ठकुरी, दोलखा** |

**धितो**

निज **मिरा थपलिया**को नामको काठमाडौं जिल्ला , गोल्ढुंगा, गा.वि.सा -४, हालको तारकेश्वर न.पा-५, क्षेत्रफल: ०-४-०-०, पुर्वी कि. बाटो, पश्चिम: ७३, उत्तर: ११४२, दक्षिण: बाटो/११४४

# प्रभाव दैनिक





### 'अभिमन्यु : च्याप्टर १'को अग्रिम टिकट बुकिङ खुला

चलचित्र 'अभिमन्यु : च्याप्टर १'को अग्रिम टिकट बुकिङ खुला भएको छ । अधिकांश मल्टिप्लेक्सले मंगलबारबाट नै अग्रिम बुकिङ खुला गरेका हुन् । 'अभिमन्यु : च्याप्टर १'ले अधिकांश मल्टिप्लेक्समा सन्तोषजनक शो पाएको छ । देशकै ठूलो मल्टिप्लेक्स चेन क्यूएफएक्सले यो सिनेमालाई काठमाडौंका आउटलेटमा ११ शो उपलब्ध गराएको छ । दोस्रो ठूलो मल्टिप्लेक्स चेन आईएनआईले आफ्ना पाँचवटा चेनमा ११ शो दिएको छ । वान सिनेमाजले दुईवटा आउटलेटमा ६ वटा शो उपलब्ध गराएको छ ।





बिहीबार, १८ मंसिर २०८२ (Thursday, 04 December 2025)


# नैनसिंह महरको शब्दमा 'बन्छ बन्छ मेरो देश बन्छ' रिलिज



■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाली कांग्रेसका केन्द्रीय सदस्य तथा लेखक नैनसिंह महरको शब्दमा तयार गीत 'बन्छ बन्छ मेरो देश बन्छ'सार्वजनिक गरिएको छ ।

प्रमोद खरेलको स्वर, हरि लम्सालको संगीत रहेको देशभक्ती गीतको भिडियोमा राजेश हमाल, महावीर पुन, प्रदिप कुमार राई (ब्याकुल माइला), समाजसेवी अनुराधा कोइराला, ओलम्पियन खेलाडी दिपक बिष्ट, नैनसिंह महर, मिस पबि, अस्तिना महर, अनिमेश महर, सविना तामाङ लगायत फिचर्ड छन् ।

दशरथ सुनारको निर्देशनमा तयार भिडियोमा देश कसरी बन्न सक्छ भन्ने सपना र आशा बाँडिएको छ । ललितपुरमा आयोजित कार्यक्रममा राष्ट्रिय गानका रचयिता प्रदिप कुमार राई (ब्याकुल माइला)ले गीतको सार्वजनिक गरे ।

गीतकार महरले कांग्रेस एमालेको सरकार बनेकै बेलामा गीत सृजना गरिएको बताए । उनले भने, 'जनतामा छाएको निराशालाई आशामा परिणत गर्ने गरी काम गर्ने गरी कांग्रेस एमालेको सरकार बनेको थियो । त्यो सरकारले के गऱ्यो भने जनतामा आशाको सञ्चार हुन्छ ? भन्ने ट्रयाकमा लेखेको थिए ।'

आधा दर्जन राजनीतिक र शैक्षिक पुस्तक लेखेका महरले पहिलो पटक गीत लेखेका हुन् । उनले भने, समाजमा निराशा बढिरहेको परिस्थितिमा गीत मार्फत सपना बाड्ने र आशा जगाउने कोशिस गरेको छु' गायक प्रमोद खरेलले राजनीति र साहित्य फरक विधा रहेपनि नैनसिंहले रोजेको बाटो सुखद रहेको बताए ।

सार्वजनिक गीतले समाजलाई आशाको सञ्चार गर्न सक्ने बताए । वरिष्ठ पत्रकार पुरुषोत्तम दाहालले कला, साहित्य र संस्कृति देशकै पहिचान भएकाले त्यसविना देश नबच्ने बताए । उनले भने, 'नैनसिंहको यो गीत मन र मष्तिष्क दुवैबाट निस्केको सृजना महसुस गरे । देश राजनीतिले चलाउछ । तर राजनीतिलाई पनि साहित्य र संस्कृतिले चलाउँछ ।' गीत, कविताले व्यवस्था परिवर्तनमै उल्लेख्य भूमिका निर्वाह गरेको पत्रकार दाहालले बताए ।

गीतकार समेत रहेका डा. भोला रिजालले राजनीतिमा प्रभाव जमाउदै आएको नैनसिंहलाई लेखनमा देशभक्ती गीत 'मेरो देश बन्छ'ले परिचय थप्ने बताए । 'नैनको गीत हेरेर आफ्ना पुराना गीतको सम्झना आयो । देश बन्छ बन्छ भन्नेमा म पनि विश्वस्त छु' रिजालले भने । राष्ट्रिय गानका रचयिता प्रदिप कुमार राई (ब्याकुल माइला)ले लेखकहरूले समाज र राष्ट्रलाई सकारात्मक दिशामा लैजाने भावका सृजना सार्वजनिक गर्न सक्नुपर्ने बताए ।

# अनुसिया र निर्वेशलाई 'नेवा मैचा बौचा नेपाल'को उपाधि

**काठमाडौं (प्रस)–** सांस्कृतिक पहिचान, भाषा, लिपि र परम्पराको संरक्षण गर्ने उद्देश्यले आयोजना गरिएको सौन्दर्य प्रतियोगिता 'नेवा मैचा बौचा नेपाल संवत् ११४६' मा नेवा मैचातर्फ अनुसिया मानन्धर र नेवा बौचातर्फ निर्वेश श्रेष्ठले उपाधि जितेका छन् ।

निर्वेशले विधागततर्फको पर्सनालिटी अवार्ड पनि जिते । प्रतियोगितामा नेवा मैचातर्फ समाना महर्जन फस्ट रनरअपसहित मल्टिमिडिया विजेता बन्दा नेरिशा महर्जन सेकेन्ड रनर-अप भइन् । त्यस्तै नेवा बौचातर्फ अथर्व प्रधान फस्ट रनर-अप र अनम दर्शी वज्राचार्य सेकेन्ड रनर-अप घोषित भए ।

प्रतियोगितामा मेधावी तुलाधरले अनुशासन, उन्नति बज्राचार्यले एक्टिभ, निभा महर्जनले शैक्षिक, जैज्बी यचु



श्रेष्ठले बुद्धिमान, अकिला शाक्यले चित्रमय, सियोना मानन्धरले सह-पाठ्यक्रम, उत्सव श्रेष्ठले उत्कृष्ट पोसाक, समृद्धि महर्जनले शैली आइकन, पुवा ऊर्जा तुलाधरले उत्कृष्ट मुस्कान, अभिषेक श्रेष्ठले आकर्षक, युवानी महर्जनले उत्कृष्ट नेपाल लिपि, ऐशना महर्जनले नेतृत्व, अर्दिता महर्जनले उत्कृष्ट संस्कृति, प्रशन्न महर्जनले प्रतिभा, सदिच्छा महर्जनले उत्कृष्ट नेपाल भाषा तथा आराग्या तुलाधरले इनोसेन्ट उपाधि प्राप्त गरे।

प्रतियोगितामा शिक्षाविद रामेश्वर श्रेष्ठ, मोडल तथा नायिका सृष्टि महर्जन, गायक उजन शाक्य, न्यु जेनिथ इङ्लिस मोर्डन स्कुलका संस्थापक प्रिन्सिपल राजु महर्जन र रन्जना लिपि विज्ञ लालिमा श्रेष्ठ निर्णायक थिए । प्रतियोगिताको फेसन कोरियोग्राफर रोहिया महर्जन, डान्स कोरियोग्राफर सितु महर्जन र डिनाज फेसन हाउसकी डिना गुरुङ ड्रेस डिजाइनर थिए ।

कलाकार नारायदेवी प्रधान प्रमुख अतिथि रहेको प्रतियोगितामा सहभागी बालबालिकाले आफ्नो सांस्कृतिक ज्ञान, व्यक्तित्व, अनुशासन, प्रतिभा र प्रस्तुतीकरणका आधारमा प्रतिस्पर्धा गरेका थिए ।

आयोजनाक कलस इभेन्टका कार्यकारी अध्यक्ष सञ्जय महर्जनले नेवार समुदायका बालबालिकाको प्रतिभा प्रस्फुटन गर्न प्रतियोगिता आयोजना गरिएको बताए । इभेन्टकी प्रबन्ध निर्देशक वर्षा महर्जनले प्रतियोगितालाई आगामी वर्षहरूमा पनि निरन्तरता दिने बताइन् ।

# मानवअधिकार फिल्म फेस्टिभल काठमाडौंमा

**काठमाडौं (प्रस)–** विश्वभरका मानवअधिकार केन्द्रित चलचित्रलाई एउटै छानामुनी ल्याउने उद्देश्यका साथ '१३औं नेपाल मानव अधिकार अन्तरराष्ट्रिय फिल्म फेस्टिभल' काठमाडौंमा हुने भएको छ । आगामी मङ्सिर २५ देखि २९ गतेसम्म काठमाडौंको चलचित्र विकास बोर्डको सभाहल र नेपाल पर्यटन बोर्डको सभाहलमा हुने पाँच दिने महोत्सवमा यस वर्षको मूल विषयवस्तु 'बाल अधिकार' रहेको महोत्सव निर्देशक पाण्डव खत्रीले जानकारी दिए ।

उनले भने, 'हामीले २६ देशका ५० चलचित्रहरू प्रदर्शन गर्नेछौँ । महोत्सवमा छानिएका धेरैजसो चलचित्रले कान्स, बर्लिनाले, भेनिस र बुसानजस्ता प्रतिष्ठित अन्तरराष्ट्रिय महोत्सव सहभागिता जनाइसकेका छन् । हामीले देखाउने चलचित्रले मानवअधिकारका विषयलाई सहज र सरल रूपमा दर्शकसम्म पुऱ्याउनेछन् ।'

उनले 'कान्स फिल्म फेस्टिभल २०२५' अन्तर्गत 'पाल्मे डी ओर' (लघु चलचित्र) विजेता 'आई एम ग्ल्याड यु आर डेड नाउ', सोही महोत्सवमा पहिलोपटक प्रदर्शनी गरिएको 'नाभी लिली' बजिका भाषामा बनेको पहिलो 'फिचर' चलचित्र 'आजुर' लगायत महोत्सवको आकर्षण रहेको जानकारी दिए । महोत्सवका क्रममा विश्वभरका चलचित्र निर्देशक, निर्माता, कलाकार तथा मानवअधिकारकर्मीहरूको उपस्थितिमा अन्तरक्रियात्मक समूहगत छलफल, फोटो प्रदर्शनी, 'लाइभ पेन्टिङ' लगायत विभिन्न कार्यक्रम आयोजना गरिने आयोजकले जनाएका छन् ।

## रंगशाला

एनपिएल २०२५

# विराटनगरविरुद्धको जितसँगै प्लेअफको दौडमा लुम्बिनी



**आजको खेल**
**NPL NEPAL PREMIER LEAGUE**

| | |
|---|---|
| पोखरा एभेन्जर्सविरुद्ध काठमाण्डू गोर्खाज् | ११:४५ |
| चितवन राइनोज्विरुद्ध सुदूरपश्चिम रोयल्स | ४:00 |

■ प्रभाव संवाददाता

**काठमाडौं –** प्रतियोगितामा खासै सुखद् सुरुवात नगरेको लुम्बिनी लायन्सले नेपाल प्रिमियर लिग (एनपीएल)मा बुधबार विराटनगर किंग्सलाई पराजित गर्दै प्लेअफ पुग्ने सम्भावना कायम राखेको छ । विराटनगरले दिएको १४५ रनको लक्ष्य लुम्बिनीले १७.४ ओभरमा ५ विकेट गुमाएर पूरा गरेको हो ।

लुम्बिनीले ६ खेलमा तेस्रो जित निकालेको हो । ६ खेलबाट ६ अंक जोडेको लुम्बिनी चौथो स्थानमा उक्लेको छ। लुम्बिनीले अब लिगको अन्तिम खेल जनकपुर बोल्ट्ससँग शुक्रबार खेल्नेछ । उक्त खेल जित्दै अन्य खेलको नितजा आफू अनुकुल आएमा लुम्बिनी प्लेअफ पुग्नेछ ।

अर्कोतर्फ विराटनगरले भने ६ खेलमा दोस्रो हार व्यहोरेको छ । ६ खेलबाट ८ अंक रहेको विराटनगर तेस्रो स्थानमा छ । तर, विराटनगरले लिगमा आफ्नो अन्तिम खेल आउने शनिवार प्लेअफ पुगिसकेको सुदूरपश्चिम रोयल्सँग खेल्नेछ । त्यसअघि हुने अन्य खेलको नतिजापछि विराटनगरलाई प्लेअफ पुग्न कस्तो नतिजा चाहिन्छ थाहा हुनेछ । लुम्बिनीको जितमा डार्सी सर्टले सर्वाधिक ५७ रन बनाए । उनले ४४ बल खेल्दै ६ चौका र २ छक्का प्रहार गरे ।

यस्तै विकेटकिपर निरोशन डिकवेलाले अविजित २९ रन योगदान गरे । सन्दीप जोराले २४ र दिलीप नाथले १६ रन जोडे । सुमित महर्जनले १० रन जोडे ।

सर्टले पहिलो विकेटका लागि सुमित महर्जनसँग २९ रनको साझेदारी गरे । त्यसपछि आएका कप्तान रोहित पौडेल खाता नखोली आउट भए । त्यसपछि सर्टले सन्दीप जोरासँग तेस्रो विकेटका लागि ३७ रनको साझेदारी गरे ।

सर्टले १४औं ओभरमा आउट हुनुअघि निरोशन डिकवेलासँग ४६ रनको साझेदारी गरे । सर्ट आउट भएपछि डिकवेलाले लुम्बिनीलाई जितसम्म पुऱ्याएका हुन् ।

बलिङमा विराटनगरका कप्तान सन्दीप लामिछानेले ४ ओरभमा २० रन खर्चेर २ विकेट लिए । सुभाष भण्डारीले ४ ओभरमा ३० रन खर्चेर २ विकेट लिए ।

त्यसअघि कीर्तिपुरस्थित टीयू अन्तर्राष्ट्रिय क्रिकेट स्टेडियममा टस हारेर पहिले ब्याटिङ गरेको विराटनगरले निर्धारित २० ओभरमा ८ विकेट गुमाएर १४४ रन बनाएको थियो । विराटनगरका लागि वान डाउनमा ब्याटिङ गरेबका लोकेश बमले ४२ बल खेल्दै ३५ रन जोडे । यस्तै बसिर अहमदले १९ बलमा १ चौका र १ छक्का प्रहार गर्दै २८ रन योगदान गरे ।

साम हिजलेटले २० बलमा २७ रन बनाए । यसै खेलबाट एनपीएलमा डेब्यु गर्दै ओपनिङ गरेका दक्षिण अफ्रिकी खेलाडी फाफ डु प्लेसी ९ बलमा १२ रन बनाएर आउट भए । प्रतिश जिसीले ११ रन जोडे । बलिङमा लुम्बिनी लायन्सका शेर मल्लले ४ ओभरमा २४ रन खर्चेर ३ विकेट लिए । जेजे स्मिथ, अभिशेष गौतम र रुबेन ट्रम्पलम्यानले १-१ विकेट लिए । प्रतियोगितामा सहभागी भएका ८ टिममध्ये कर्णाली याक्स् प्रतियोगिताबाट बाहिरि इसकेको छ भने सुदूरपश्चिम प्लेअफ प्रवेश गरिसकेको छ ।

प्रतियोगिताअन्तर्गत बिहीबार दुई खेल हुँदैछन् । पहिलो खेलमा काठमाडौं गोर्खाज् र पोखरा एभेन्जर्सबीच हुनेछ भने दोस्रो खेलमा चितवन राइनोज्ले सुदूरपश्चिमको सामना गर्दैछ । पोखरालाई प्लेअफको सम्भावना कायम राख्न काठमाडौं गोर्खाज्विरुद्ध जित निकाल्नै पर्छ भने चितवनलाई बलियो सुदूरपश्चिमलाई हराउनै पर्ने हुन्छ ।


**कुवेत/साउदीमा रोजगार**

कम्पनी : TWENTY-FOUR DELIVERY FOR CONSUMER ORDERS
पूर्व स्वीकृति मिति : २०८२/०८/१७ LT. No. 334758 चलानी नं. ६०२४८३७६

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Light Driver (Nepali License) | 33 | 0 | 150 | ७०,२१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : PURE RENO FASHION CONSTRUCTION COMPANY LIMITED
पूर्व स्वीकृति मिति : २०८२/०८/१७ LT. No. 334666 चलानी नं. ६०२४८३५५

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | ELECTRONIC TECHNICIAN (SALESMAN | 1 | 0 | 1500 | ५७,३९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ मंसिर २५ गते (11th Dec. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt. License No. 1613/079/080
EXPRESS RECRUITER NEPAL PVT. LTD
Dhumbarahi-4, Kathmandu, Nepal, Ph. No: +977-01-5916897,5917897, E-mail : expressrecruiternepal.com, expressrecruiter.nepal@gmail.com

**साउदीमा रोजगार**

कम्पनी : AL-OTHAIM FOR CAR SERVICES
पूर्व स्वीकृति मिति : २०८२/०८/१६ LT. No. 334763 चलानी नं. ६०२४८४२५

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | WORKSHOP WORKER | 1 | 0 | 1000 | ३८,२७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ मंसिर २५ गते (11th Dec. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


Govt. License No. 1336/074/075
Sulav Recruitment Pvt.Ltd.
Maharajgunj, sankhapark, Kathmandu Nepal, Telephone : 01-5903011, Email: recruitment.sulav24@gmail.com, Website: www.hrsulav.com

**कुवेतमा रोजगार**

कम्पनी : DIET GATE FOR CATERING MANAGING COMPANY
पूर्व स्वीकृति मिति : २०८२/०८/१७ LT. No. 334735 चलानी नं. ६०२४८३५६

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | CHEF ASSISTANT | 5 | 0 | 140 | ६५,५२९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | LIGHT DRIVERS | 3 | 0 | 140 | ६५,५२९ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ मंसिर २५ गते (11th Dec. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


SANTI OVERSEAS PVT. LTD.
Chundevi-04, Maharajgunj, Kathmandu, Nepal, Tel: +977-015910769, Mob: 9801081597
E-mail: overseassanti1495@gmail.com, Website: www.santioverseas.com
श्रम ईजाजत नं. १४९५/०७४/०७५

**कुवेत/साउदीमा रोजगार**

कम्पनी : Ieq Technologies For Public Facilities Management शेवा शुल्क: १०,०००
पूर्व स्वीकृति मिति : २०८२/०८/१६ LT. No. 334674 चलानी नं.६०२४८३२२

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Indoor Cleaner | 1 | 0 | 85 | ३९,७८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Light Driver/Driver | 5 | 0 | 140 | ६५,५३० | | | | | | | |

कम्पनी : WORKFORCE PROJECTS COMPANY शेवा शुल्क: १०,०००
पूर्व स्वीकृति मिति : २०८२/०८/१६ LT. No. 334696 चलानी नं.६०२४८३२५

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Loading & Unloading Workers | 7 | 0 | 1000 | ३८,२७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : NATIONAL CONSTRUCTION REAL ESTATE COMPANY शेवा शुल्क: १०,०००
पूर्व स्वीकृति मिति : २०८२/०८/१६ LT. No. 334725 चलानी नं.६०२४८३२३

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Welder | 2 | 0 | 130 | ६०,८५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Shuttering Carpenter | 10 | 0 | 130 | ६०,८५० | | | | | | | |
| 3 | Helper (outdoor) | 13 | 0 | 100 | ४६,८१० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ मंसिर २५ गते (11th Dec. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


1559/079/80
FEWA OVERSEAS PVT. LTD
Kageshwori, Manohara-9, Airport Nagar, Gothatar, Kathmandu, Nepal, Tel: 01-5914530, 9808655324, 9844024322
9813432386, 9827644060, 9825201309 Email : fewaoverseas11@gmail.com, Web: www.fewaoverseas.com.np


म्याक्रोनको चीन भ्रमण

# व्यापार, कूटनीति र युक्रेन युद्धबारे उच्चस्तरीय वार्ता

**बेइजिङ–** फ्रान्सका राष्ट्रपति इमानुएल म्याक्रोन व्यापार, कूटनीति तथा युक्रेन-रुस युद्धबारे छलफल गर्न तीन दिने राजकीय भ्रमणका क्रममा बुधबार चीन आइपुगेका छन् । उनले बेइजिङलाई रुसमाथि दबाब दिई युक्रेनमा युद्धविरामको वातावरण बनाउन सहयोगी भूमिका निर्वाह गर्न आग्रह गर्ने अपेक्षा गरिएको छ ।

फ्रान्सेली राष्ट्रपति कार्यालयका अनुसार म्याक्रोनले दुवै पक्षका लागि फाइदाजनक, दिगो र ठोस आर्थिक विकास सुनिश्चित गर्ने उद्देश्यसहित व्यापारिक तथा आर्थिक सहकार्य सन्तुलित गर्ने एजेण्डा अघि सार्ने छन् । फ्रान्सले चिनियाँ लगानी आकर्षित गर्ने तथा फ्रान्सेली उत्पादित सामानका लागि बजार पहुँच सहज बनाउने लक्ष्य पनि राखेको छ । भ्रमणमा ऊर्जा, खाद्य उद्योग तथा उड्डयन क्षेत्रसम्बन्धी धेरै महत्त्वपूर्ण सम्झौताहरूमा हस्ताक्षर हुने अपेक्षा छ ।

म्याक्रोन 'निष्पक्ष र पारस्परिक बजार पहुँच'को पक्षमा दृढ भएर उभिएको फ्रान्सेली अधिकारीहरूले बताएका छन् । म्याक्रोन दम्पती बुधबार बिहानै बेइजिङको अत्यन्त जाडोमा विमानस्थल पुगेको थियो । विमानस्थलमा उनीहरूलाई चिनियाँ विदेशमन्त्री वाङ यीले औपचारिक स्वागत गरेका थिए । विमानबाट ओरालिएपछि रातो गलैंचाबाट हिँड्दै उनीहरू लिमोजिनमा सहभागी भएका थिए । दिनको अन्त्यमा उनीहरूले नयाँ सजाइएको फरबिडन सिटीभित्र रहेको १८औं शताब्दीको कियानलोङ गार्डन अवलोकन गरेका छन् ।



फ्रान्सले सन् २०२६ मा सातवटा सबैभन्दा विकसित अर्थतन्त्रहरूको शिखर सम्मेलन (जी-७) को आयोजना गर्दै छ भने चीनले २१ सदस्यीय एपेक फोरमको अध्यक्षता गर्ने छ, जसमा अमेरिका, दक्षिण कोरिया, जापान, अस्ट्रेलिया र रुससमेत सहभागी छन् । गत वर्षमात्र युरोपेली संघ (इयू) ले चीनसँग तीन खर्ब युरोभन्दा बढी व्यापार घाटा बेहोरेको थियो, जसमा फ्रान्सको कूल व्यापार घाटाको ४६ प्रतिशत चीनकै कारण भएको थियो । इयूले चीनलाई साझेदार, प्रतिस्पर्धी तथा प्रणालीगत प्रतिद्वन्द्वी तीनवटै रूपमा व्याख्या गरेको छ ।

यसबीच इयूले चिनियाँ विद्युतीय सवारीसाधनमा दिएको सब्सिडीबारे अनुसन्धान थालेपछि दुवैबीच कयौं व्यापारिक विवादहरू देखापरेका छन् । त्यसको प्रतिक्रिया स्वरूप चीनले युरोपेली ब्राण्डी, सुँगुरको मासु र दुग्ध उत्पादनहरूमा अनुसन्धान थालेको थियो । गत जुलाईमा चीनले अधिकांश कोग्नाक उत्पादकलाई दिएको कर छुटलाई फ्रान्सले सकारात्मक संकेतका रूपमा लिएको थियो । फ्रान्स चीनको वाइन र स्पिरिट आपूर्तिकर्तामध्ये पहिलो स्थानमा छ ।

राष्ट्रपति म्याक्रोन र चिनियाँ राष्ट्रपति सी चिनफिङबीचको वार्ताको प्रमुख एजेण्डामा युक्रेन-रुस युद्ध पनि रहने छ । सोमबार पेरिसमा युक्रेनी राष्ट्रपति भोलोदिमर जेलेन्स्कीसँग युद्धविरामका सम्भावित आधारहरूबारे छलफल गरेपछि म्याक्रोन चीनसँग ठोस सहयोगको अपेक्षामा छन् ।

फ्रान्सका एक शीर्ष कूटनीतिक अधिकारीका अनुसार पेरिस चीनले रुसलाई सकेसम्म चाँडो युद्धविरामका लागि राजी गराउने प्रयास गरोस् र वार्ताबाट प्राप्त हुने सहमतिको आधारमा युक्रेनका लागि दीर्घकालीन सुरक्षा ग्यारेण्टी निर्माण गर्न मद्दत गरोस् भन्ने चाहन्छ । साथै, बेइजिङले रुसलाई युद्ध जारी राख्न सहयोग पुऱ्याउने कुनै पनि कार्यबाट टाढा रहने अपेक्षा फ्रान्सले व्यक्त गरेको छ ।

यसअघि चीनका विदेश मन्त्रालयका प्रवक्ता माओ निङले बेइजिङले सधैं संवाद, वार्ता र शान्तिपूर्ण समाधानलाई समर्थन गर्दै आएको र युक्रेन संकट समाधानमा 'रचनात्मक भूमिका' खेलेको दाबी गरेका थिए । म्याक्रोनले आज बिहीबार ग्रेट हल अफ द पिपुलमा राष्ट्रपति सीसँग भेट्ने छन् । त्यसपछि दुवै नेता फ्रान्को-चिनियाँ व्यापार मञ्चमा सहभागी हुने छन् । उनले राष्ट्रिय जनकांग्रेसका अध्यक्ष झाओ लेजी तथा प्रधानमन्त्री ली किआङसँग पनि छुट्टाछुट्टै भेटवार्ता गर्ने कार्यक्रम छ ।

फ्रान्सेली राष्ट्रपति दम्पती त्यसपछि सिचुआन प्रान्तको चेंडु प्रस्थान गर्ने छ । त्यहाँ शुक्रबार राष्ट्रपति सीसँग दुजियांग्यानको विश्वकै सबैभन्दा पुरानो सिँचाइ प्रणाली अवलोकनस्थलमा विशेष वार्ता हुने छ । म्याक्रोनले त्यहाँ सिचुआन विश्वविद्यालयका विद्यार्थीहरूसँग पनि भेट गर्ने छन् । चेंदु अवस्थित विशाल पाण्डा संरक्षण तथा अनुसन्धान केन्द्रमा अहिले फ्रान्समा जन्मिएको पहिलो पाण्डा युआन मेङ बस्छ, जसको नामकरण प्रथम महिला ब्रिजिट म्याक्रोनले गरेका थिए । फ्रान्सले गत महिना चीनमा १३ वर्ष बसोबास गर्दै तीन छोराछोरी जन्माएका स्टार पाण्डाहरू फिर्ता पठाएको थियो । *रासस/एपी*

# बेल्जियमद्वारा रूसी सम्पति प्रयोग योजना अस्वीकार



**ब्रसेल्स–** बेल्जियम सरकारले आगामी दुई वर्षका लागि युक्रेनको आर्थिक र सैन्य आवश्यकतामा सहयोग पुऱ्याउन फ्रिज गरिएका रूसी सम्पत्तिहरू प्रयोग गर्ने युरोपेली संघ (इयू) को प्रस्ताव अस्वीकार गरेको छ । बेल्जियमले यो योजनाले गम्भीर वित्तीय तथा कानुनी जोखिम निम्त्याउने ठहर गर्दै यसलाई अत्यन्त जोखिमपूर्ण कदम भनेको छ ।

युक्रेनले सन् २०२६ र २०२७ का लागि करिब एक खर्ब ३० अर्ब युरो (एक खर्ब ५० अर्ब डलर) बराबरको बजेट र युद्धसम्बन्धी आवश्यकताहरू हुने अनुमान गरेको छ । इयूले यस आर्थिक खाडल पूर्ति गर्ने प्रतिबद्धता जनाइसकेको छ, जसअन्तर्गत सन् २०२२ मा युद्ध सुरु भएदेखि हालसम्म एक खर्ब ७० अर्ब युरो (एक खर्ब ९७ अर्ब डलर) भन्दा बढी व्यय भइसकेको छ ।

फ्रिज गरिएका रूसी सम्पत्तिहरू इयूका लागि सबैभन्दा ठूलो स्रोत मानिन्छ, जसमा सबैभन्दा ठूलो हिस्सा–करिब एक खर्ब ९४ अर्ब युरो बेल्जियममा अवस्थित छ । जापानमा लगभग ५० अर्ब डलर बराबरको रकम राखिएको छ भने अमेरिका, बेलायत र क्यानाडामा पनि कम मात्रामा फ्रिज गरिएको सम्पत्ति रहेको छ ।

युरोपेली आयोगले बुधबारपछि 'क्षतिपूर्ति ऋण' मोडेलमार्फत युक्रेनका अत्यावश्यक आवश्यकताहरू पूरा गर्न यी रूसी सम्पत्तिहरूलाई बन्धकका रूपमा प्रयोग गर्ने प्रस्ताव सार्वजनिक गर्ने तयारी गरेको थियो । तर बेल्जियमका विदेशमन्त्री म्याक्सिम प्रिभोटले 'क्षतिपूर्ति ऋण' विकल्पलाई सबैभन्दा खराब र अत्यधिक जोखिमपूर्ण ठहर गर्दै यसले अभूतपूर्व कानुनी विवाद निम्त्याउन सक्ने टिप्पणी गरे । रुसले यस योजनालाई 'चोरी' भनेर आलोचना गर्दै आएको छ ।

ब्रसेल्सस्थित नाटो मुख्यालयमा पत्रकारहरूलाई सम्बोधन गर्दै प्रिभोटले इयूलाई युक्रेनका लागि अन्तर्राष्ट्रिय बजारबाट धन उधारो लिन आग्रह गरे । 'यो परिचित, बलियो र अनुमानित मानकसहितको स्थापित विधि हो,' उनले भने । उनका अनुसार क्षतिपूर्ति ऋणले अत्यन्त संवेदनशील आर्थिक, वित्तीय र कानुनी जोखिम बोकेको छ, र आयोगले प्रस्तुत गरेको प्रस्तावले बेल्जियमका गम्भीर चिन्ताहरू सम्बोधन गर्न सकेको छैन । 'हामीलाई मात्र जोखिमको बोझ थोपर्ने प्रबन्ध स्वीकार्य हुँदैन,' प्रिभोटले जोड दिए ।

ब्रसेल्समा आधारित युरोक्लियर नामक ठूलो वित्तीय समाशोधन संस्थाले रुसले कानुनी चुनौती दिएमा वा उक्त कदमले यसको छवि र व्यापारिक हितमा असर परेमा गम्भीर कानुनी मुद्दाहरू झेल्नुपर्ने स्थिति आउनसक्ने बेल्जियमलाई चिन्ता छ । प्रिभोटले आफ्नो चिन्ता अन्य इयू सदस्य राष्ट्रहरूले पर्याप्तरूपमा नबुझेको गुनासो पनि व्यक्त गरे । 'हामी साझेदार वा युक्रेनको विरोधमा छैनौं । हामी केवल एक सदस्य राष्ट्रका रूपमा सम्भावित विनाशकारी जोखिमबाट जोगिन खोजिरहेका छौं,' उनले स्पष्ट पारे ।

इयूले करिब एक खर्ब ४० अर्ब युरो (एक खर्ब ६३ अर्ब डलर) युक्रेनलाई ऋणस्वरूप उपलब्ध गराउने योजना बनाइरहेको छ । यी रकम जफत गरिने छैनन् र रुसले युद्धका कारण तिर्नुपर्ने क्षतिपूर्ति बुझाएपछि किएभले बाँकी ऋण फिर्ता गर्ने व्यवस्था प्रस्तावित छ । तर यदि मस्कोले क्षतिपूर्ति तिर्न अस्वीकार गऱ्यो भने सम्पत्ति यथावत् फ्रिज नै रहने छ ।

युरोपेली साझेदारहरूले भने बेल्जियमका चिन्ताहरूलाई गम्भीरतापूर्वक लिइएको दाबी गरेका छन् । जर्मनीका विदेशमन्त्री जोहान वाडेफुलले 'चिन्ताहरू उचित भए पनि, संयुक्तरूपमा जिम्मेवारी बाँड्ने हो भने समाधान सम्भव छ' भने । डच विदेशमन्त्री डेभिड भ्यान वेलले 'यी कोषहरू युक्रेनी अर्थतन्त्रका लागि अत्यन्त महत्त्वपूर्ण छन्, अन्यथा उनीहरूले आगामी वर्ष अत्यन्त कठिन परिस्थिति सामना गर्नुपर्नेछ' भन्दै बेल्जियम एक्लै नछोडिने स्पष्ट पारे ।

बेल्जियमले फ्रिज गरिएका सम्पत्तिबाट केही कर आय पाउँदै आएको छ र उठेको ब्याजलाई जी-७ राष्ट्रहरूको युक्रेनसम्बन्धी ऋण कार्यक्रमका लागि प्रयोग गरिएको छ । तर युरोपेली केन्द्रीय बैंकले भने क्षतिपूर्ति ऋण योजनाले अन्तर्राष्ट्रिय बजारमा युरोपेली मुद्रा यूरोप्रति विश्वास कमजोर पार्न सक्ने चिन्ता व्यक्त गरेको छ ।

इयूका शीर्ष नेताहरूले डिसेम्बर १८ मा ब्रसेल्समा हुने शिखर बैठकमा यस योजना तथा युक्रेनका आर्थिक-सैन्य आवश्यकताबारे विस्तृत छलफल गर्ने अपेक्षा गरिएको छ । *रासस/एपी*

# एआईले धनी–गरिबको अन्तर अझ बढाउने चेतावनी

**बैंकक–** आर्टिफिसियल इन्टेलिजेन्स (एआई) बारे रहेको व्यापक उत्साहका बीच यसको प्रभावले विश्वका धनी र गरिबबीचको अन्तरलाई अझै फराकिलो बनाउन सक्ने कठोर वास्तविकता संयुक्त राष्ट्र विकास कार्यक्रम (युएनडिपी) को नयाँ प्रतिवेदनले औंल्याएको छ । प्रतिवेदनअनुसार एआई प्रविधिको उपयोगले आधारभूत आवश्यकताहरू र उन्नत ज्ञानको पहुँचमा रहेको गहिरो खाडललाई घटाउने ठोस कदम नचालेसम्म यस प्रविधिको अधिकांश लाभहरू धनी राष्ट्रहरूले नै प्राप्त गर्ने सम्भावना छ ।

प्रतिवेदनले वर्तमान अवस्थालाई औद्योगिक क्रान्तिको 'ग्रेट डाइभर्जेन्स' सँग तुलना गर्दै जब पश्चिमी मुलुकहरू तीव्र विकासतर्फ उन्मुख हुँदा धेरै राष्ट्रहरू पछि परेका थिए भनी चेतावनी दिएको छ । आज एआईले रोजगारी, उद्योग र मानव जीवनको संरचना परिवर्तन गर्ने चिन्ताबीच प्रविधिको उपयोग कसरी हुने भन्ने प्रश्न विश्वव्यापी रूपमा दृष्टिगोचर भइरहेको छ ।

मुख्य लेखक लण्डन स्कुल अफ इकोनोमिक्सका माइकल मुथुकृष्णका अनुसार प्रविधिमा केन्द्रित सोचले मानिसलाई नै प्राथमिकता दिनुपर्ने मूल दृष्टिकोण ओझेलमा पारेको छ । 'हामी प्रविधि होइन, मानिसहरूलाई पहिलोमा राख्ने कुरा छुटाइरहेका छौं,' उनले बैंककमा आयोजित प्रतिवेदन सार्वजनिक कार्यक्रममा भने ।

एआईको विकासले त्यस्ता समुदायलाई थप जोखिममा पार्न सक्छ, जहाँ आज पनि मानिसहरू सीप, शिक्षा, बिजुली,




इन्टरनेट र आधारभूत सेवा पहुँचको अभावसँग जुझिरहेका छन् । युद्ध, द्वन्द्व र जलवायु प्रकोपका कारण विस्थापित मानिसहरू 'डेटामा अदृश्य' बन्न सक्ने पनि प्रतिवेदनको निष्कर्ष छ, जसले तिनको आवश्यकता नदेखिने अवस्था सिर्जना गर्छ ।

यद्यपि, प्रतिवेदनले एआईले कृषि सल्लाह, स्वास्थ्य परीक्षण, रोग निदान, मौसम पूर्वानुमान र विपद् मूल्यांकनमा महत्त्वपूर्ण सुधार ल्याउन सक्ने सम्भावना औंल्याएको छ । गरिबी नाप्ने, स्वास्थ्य जोखिम विश्लेषण गर्ने र सार्वजनिक निर्णयलाई छिटो तथा पारदर्शी बनाउने क्षमताले एआईले समाजमा ठूलो मूल्य थप्न सक्छ ।

तर धनी मुलुकहरूमै पनि चिन्ताहरू कम छैनन् । अत्यधिक ऊर्जा र पानी प्रयोग गर्ने डेटा सेन्टरहरूका कारण पर्यावरणीय दबाब बढ्ने, जीवाश्म इन्धनको प्रयोग तीव्र हुनसक्ने तथा ग्लोबल वार्मिङ नियन्त्रणमा गरिएको प्रगति कमजोर पर्नसक्ने जोखिम छ । साइबर आक्रमण, गोपनीयता हनन, डिपफेक र गलत सूचना फैलाउने सम्भावनाले नैतिक र सुरक्षात्मक चुनौती थप गहिरो बनेको छ ।

प्रतिवेदनअनुसार चीन, जापान, दक्षिण कोरिया र सिंगापुरजस्ता देशहरू एआई अवसर उपयोग गर्न सबल छन्, तर अफगानिस्तान, माल्दिभ्स र म्यान्मारले आवश्यक सीप, पूर्वाधार र ऊर्जा अभावका कारण ठूलो चुनौती भोगिरहेका छन् । उन्नत अर्थतन्त्रभित्रका प्रदेशहरूमा पनि पहुँच असमानताले केही समुदाय पछाडि पर्न सक्ने जोखिम छ । एसिया-प्रशान्त क्षेत्रका झण्डै एक चौथाइ जनसंख्यामा इन्टरनेट पहुँच नभएको तथ्यले समस्या अझ स्पष्ट बनाउँछ ।

युएनडिपीका एसिया-प्रशान्त प्रमुख अर्थशास्त्री फिलिप सेल्लेकेन्सका अनुसार यस्ता अन्तरहरू घटाइएन भने लाखौं मानिस डिजिटल उपकरण, डिजिटल भुक्तानी, डिजिटल पहिचान तथा आधुनिक शिक्षा-सीपको पहुँचविहीन भई विश्व अर्थतन्त्रबाट झन् टाढा पर्न सक्ने छन् । अर्कोतर्फ, गलत सूचना, निगरानी, गोपनीयता उल्लंघन र पूर्वाग्रह सुदृढ गर्ने 'ब्ल्याक बक्स' एआई प्रणालीहरू पनि जोखिमको स्रोत भएको प्रतिवेदनले उल्लेख गर्दछ । त्यसैले एआईलाई निष्पक्ष, पारदर्शी र जवाफदेही तरिकाले उपयोग गर्न प्रभावकारी नियम र सुरक्षा संरचना अत्यावश्यक छन् ।

सेल्लेकेन्सले 'प्रविधि-उन्माद होइन, सन्तुलित दृष्टिकोण' आवश्यक रहेको बताउँदै सरकारहरूलाई डिजिटल पूर्वाधार, शिक्षा, सीप विकास, निष्पक्ष प्रतिस्पर्धा र सामाजिक सुरक्षा प्रणालीमा अधिक लगानी गर्न आग्रह गरे । प्रतिवेदनले अन्तिममा उल्लेख गरेको मूल लक्ष्य स्पष्ट छ- एआईको पहुँचलाई लोकतान्त्रिक बनाउने, ताकि हरेक राष्ट्र र समुदायले यसको लाभ उपयोग गर्न सकून् र जोखिममा रहेका मानिसहरू अझै पछाडि नपरोस् । *रासस/एपी*


**कतारमा रोजगार** कम्पनी : CANDY NAILS SALON

पूर्व स्वीकृति मिति : २०८२/०८/१७ | LT. No. 334546 | चलानी नं.६०२४८२३२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Driver | 1 | 0 | 1800 | ७०,८९४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | BEAUTICIAN | 0 | 4 | 1800 | ७०,८९४ | | | | | | | |
| 3 | ACCOUNTANT GEN. | 0 | 1 | 3600 | १,४१,७८७ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ मंसिर २५ गते (11th Dec. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

HR NEPAL SERVICES PVT. LTD.
Old Baneshwor, Kathmandu, Nepal., Tel: +977-01- 5921536
Mob: 9802343008, 9700699158, Email: hrnepalservices@gmail.com
श्रम इजाजत नं. १५४८/०७८/०७९

**साउदी/युएइमा रोजगार** कम्पनी : INTEGRATED PARKING SERVICES LLC | शेवा शुल्क: १०,००० 

पूर्व स्वीकृति मिति : २०८१/११/११ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/०८/१७ | LT. No. 319309 | चलानी नं. ६०२३३५००

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Ticket Controller / Attendant Ticketing (Male Only) | 7 | 0 | 1000 | ३९,११० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : NAWAF FAHID AL-MUTAIRI TRADING COMPANY | शेवा शुल्क: १०,०००

पूर्व स्वीकृति मिति : २०८२/०८/१७ | LT. No. 334794 | चलानी नं. ६०२४८४२९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | LOADING UNLOADING LABOR | 2 | 0 | 1000 | ३८,२७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : INTEGRATED PARKING SERVICES LLC | शेवा शुल्क: १०,०००

पूर्व स्वीकृति मिति : २०८२/04/२७ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/०८/१७ | LT. No. 329083 | चलानी नं. ६०२४२९७७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Ticketing Staff | 91 | 0 | 1500 | ५८,६६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : IMDAAD L.L.C. (UAE) | शेवा शुल्क: नि:शुल्क

पूर्व स्वीकृति मिति : २०८०/११/०३ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/०८/१७ | LT. No. 300044 | चलानी नं. ६०२१४९८०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner | 50 | 0 | 1200 | ४६,९३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Sewage helper | 50 | 0 | 1200 | ४६,९३५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ मंसिर २५ गते (11th Dec. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

OM OVERSEAS EMPLOYMENT PVT.LTD
Govt. License 1518/074/075
Basundhara - 3, Kathmandu, Nepal,Tel : +977-1-5903266, 985-1105656, 980102050,
E-mail : omoverseas36@gmail.com, omoverseas666@gmail.com

## वर्गीकृत विज्ञापन संकलन काउन्टर

पशुपति विज्ञापन सेवा – सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५ । स्मार्ट सर्भिस नेपाल प्रा.लि.–सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८र९८४२६३५८१५ । लोटस कम्युनिकेशन– गोंगबुचोक, फोन नं. ४३६४७१। ध्रुवको पसल– डिल्लीबजार, फोन नं. ४४३९२०१। Reachmond Books Shop (रोहित दाहाल) – फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट । Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217। दन्तकाली स्टेशनरी – नयाँबसपार्क फोन नं. ९८१३९६०७४६ । सारीका स्टेशनरी पसल – फोन नं. ९८५११२९६८६ । ज्ञाञ्जयोति पुस्तक पसल बागबजार, फोन नं. ४२४००६० । विश्व स्वतन्त्र सञ्चार– सुन्धारा, फोन नं. ४२१९४१२ । निशा बुक्स एण्ड स्टेशनरी – लगनखेल, ५५३१९५७, ९८४१६२७४८९ । वीडलिंक मिडिया प्रा.लि. – पूरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४१६०६१४ । हिमचुली स्टेशनरी– बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३ । मलः स्टेशनरी– गठ्ठाघर ठिमी, फोन नं. ६६३०७५७ । B-Tech Nepal- पुतलीसडक चोक, फोन नं.9851079417, 2297501| HaLMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी- विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर– कलंकी चोक फोनः ०१–४२७६५३०, फ्याक्सः०१–४२७१३२२ । दाजुभाइ स्टेशनरी – पिंगलास्थान, गौशाला, फोनः ०१–४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेशनरी च्यासल गेट –९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफच्याक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७, कमल स्टेशनरी, सिफल फोन नं. ९८४३२६४२३२, ०१४५८०१८४ ।

प्रभाव दैनिक
National Daily

# अर्थ बजार

**आजको मूल्य**

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – २५४१०० | प्रति तोला – ० | प्रति तोला – ३६५५ |



**बिक्रीका लागि सुन्तला** | तनहुँको व्यास नगरपालिका-१३ बेनीकोटका किसान बिक्रीका लागि बजार पठाउन सुन्तला 'ग्रेडिङ' गर्दै । सुन्तला खरिदका लागि व्यापारीहरू गाउँमै पुगेर रुख नै मोलमोलाई गर्ने गरेको किसान बताउँछन् । *तस्बिर : सानेबहादुर नेपाली/रासस*

# 'बूढीगण्डकी आयोजना अघि बढाउन सरकार लागेको छ'

■ प्रभाव संवाददाता



**काठमाडौं–** प्रधानमन्त्री सुशीला कार्कीले बूढीगण्डकी जलविद्युत् आयोजनाको काम छिटो अघि बढाउन सरकार लागिपरेको बताएकी छिन् ।

बूढीगण्डकी जलविद्युत् आयोजना निर्माणका लागि कम्पनी स्थापना भइसकेको र उक्त पेट्रोलियम पदार्थमा लगाइएको अतिरिक्त करवापतको रकम प्रत्येक वर्ष खातामा जाने व्यवस्थाका लागि आवश्यक प्रक्रिया अघि बढाइने उनको भनाइ छ ।

यससम्बन्धी प्रक्रिया छिटो अघि बढाउन उनले ऊर्जा र अर्थ मन्त्रालयलाई निर्देशन पनि दिएको प्रधानमन्त्रीको सचिवालयले जनाएको छ । यसै विषयमा प्रधानमन्त्री कार्कीले बुधबार पूर्वप्रधानमन्त्री बाबुराम भट्टराईलगायत आयोजना प्रभावित क्षेत्र गोरखा र धादिङका केही पूर्वजनप्रनिधिहरू तथा स्थानीय सरोकारवालासँग छलफल गरे ।

त्यसक्रममा पूर्वप्रधानमन्त्री भट्टराईले बूढीगण्डकी आयोजना अघि बढाउन सरकारले देखाएको तत्परताप्रति खुसी व्यक्त गर्दै यसलाई केवल विद्युत् आयोजनामा मात्र सीमित नगरी बहुउद्देश्यीय आयोजनामा विकास गर्न छुट्टै प्राधिकरण गठनका लागि सुझाव दिए ।

छलफलमा अर्थमन्त्री रामेश्वर खनाल र प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका अन्य अधिकारीहरूको सहभागिता थियो ।

एक हजार २०० मेगावाटको यस जलविद्युत् आयोजनाको लागत २०७९ मा दुई खर्ब ५५ अर्ब अनुमान गरिएको थियो । अब यो लागत चार खर्ब नाघ्ने अनुमान छ । नेपाल सरकारले जग्गा अधिग्रहण गरी रु ४२ अर्ब स्थानीय जग्गाधनीलाई मुआब्जा दिइसकेको छ । काठमाडौं, पोखरा र चितवन जस्ता ठूला सहरको बीचमा रहेको यो आयोजना निर्माण सम्पन्न गर्न कम्तीमा आठ वर्ष लाग्ने आंकलन छ ।

# चेम्बरद्वारा आर्थिक नीतिगत स्थायित्वको माग

■ प्रभाव संवाददाता

**काठमाडौं** – नेपाल चेम्बर अफ कमर्सले आर्थिक नीतिगत स्थायित्वका निम्ति सरकारसँग माग गरेको छ । चेम्बरका अध्यक्ष कमलेशकुमार अग्रवालसहितको पदाधिकारीको टोलीले आज सरकारका नवनियुक्त मुख्य सचिव सुमनराज अर्यालसँग भेटवार्ता गरी आर्थिक नीतिगत स्थायित्व नभएसम्म निजी क्षेत्रको मनोबल र लगानीप्रति आकर्षण बढ्न नसक्ने बताएका हुन् ।

एकातर्फ नीतिगत परिवर्तनको जोखिम अर्कोतर्फ आन्दोलन र तोडफोडको डरले व्यवसायीहरू त्रसित अवस्थामा रहेको अध्यक्ष कमलेश अग्रवालले बताए ।

उनले भने, 'मुलुकको अर्थतन्त्रमा ८१ प्रतिशत हाराहारीमा योगदान रहेको र समग्र अर्थतन्त्रको मुहान नै निजी क्षेत्र भएकाले निजी क्षेत्र सुदृढ नभएसम्म आर्थिक गतिविधि विस्तार, लगानी, रोजगारी सिर्जना एवं राजस्व परिचालन हुन सक्दैन ।'

चेम्बरले कालोसूचीका सम्बन्धमा बैंक तथा वित्तीय संस्थाद्वारा लागू गरिएको प्रावधान कठोर र अपारदर्शी भएको भन्दै मुख्यसचिव अर्यालसमक्ष ध्यानाकर्षण गराएको छ ।

सुझावपत्रमा भनिएको छ, 'कुनै एक व्यक्ति वा फर्म कालोसूचीमा परेको अवस्थामा उसको आंशिक स्वामित्व वा संलग्नताले अन्य फर्महरूलाई बैंकिङ सुविधा प्रयोग गर्न अवरोध गर्दा ती निर्दोष साझेदार र सञ्चालक पनि समस्यामा पर्न गएका छन् ।'

कूल गार्हस्थ उत्पादन जिडिपीको तुलनामा नेपालमा राजस्व परिचालन दक्षिण एसियाकै उच्च रहेको चेम्बरले जनाएको छ । एकातर्फ खुला सिमाना र अर्कोतर्फ भारतमा जिएसटीका दरमा भएको व्यापक कटौतीका कारण अविलम्ब भन्सार दर एवं मूल्य अभिवृद्धि करका दुई दरको समयसापेक्ष पुनरावलोकन आवश्यक रहेको चेम्बरले उल्लेख गरेको छ ।

# नेप्से परिसूचक दोहोरो अंकले घट्यो

**काठमाडौं (प्रस)–** नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकमा दोहोरो अंकको गिरावट देखिएको छ । बुधबार नेप्से परिसूचक १३ दशमलव ५२ अंकले घटेर दुई हजार ६३१ दशमलव १७ को बिन्दुमा कायम भएको हो । ३३२ कम्पनीको एक करोड आठ लाख ७३ हजार ३७२ कित्ता शेयर ६७ हजार ४८५ पटक खरिदबिक्री हुँदा रु पाँच अर्ब २३ करोड ५६ लाख ९९ हजार ३३७ बराबरको कारोबार भएको नेप्सेले जनाएको छ ।

कारोबारमा वित्त समूह एक दशमलव ५९, होटल तथा पर्यटन शून्य दशमलव ५२, उत्पादन तथा प्रशोधन शून्य दशमलव २४ र म्युचुअल फण्ड उपसमूह शून्य दशमलव ४४ प्रतिशतले बढेको छ भने अरु सबै समूहको उपसूचक घटेको छ ।

बैंकिङ शून्य दशमलव ७५, विकास बैंक शून्य दशमलव ५७, जलविद्युत् शून्य दशमलव ५०, लगानी शून्य दशमलव ५१, जीवन बिमा एक दशमलव १८, लघुवित्त शून्य दशमलव ४८, निर्जीवन बिमा शून्य दशमलव ७४, व्यापार शून्य दशमलव ३२ र अन्य समूह शून्य दशमलव ५१ प्रतिशतले घटेको छ ।

## कर्पोरेट

### लक्ष्मी सनराइज बैंकको 'डिजिटल डिसेम्बर' अभियान सुरू




**काठमाडौं (प्रस)** – लक्ष्मी सनराइज बैंकको डिजिटल बैंकिंग प्रवर्द्धन गर्ने वार्षिक अभियानको सातौ संस्करण - डिजिटल डिसेम्बर-२०२५ सुरु भएको छ । यस संस्करण 'इम्पावरिंग एन्टरप्राइजेज' को नाराका साथ देशव्यापी रूपमा उद्यम डिजिटलाइजेसनमा केन्द्रित रहनेछ । डिसेम्बर महिनाभर चल्ने यस अभियानमा बैंकको डिजिटल प्लेटफर्महरूलाई देशभरका व्यवसायहरूको कारोबारको लागि प्राथमिक च्यानलको रूपमा स्थापित गर्ने लक्ष्य राखेको छ । अघिल्ला वर्षहरूका उपभोक्ता-केन्द्रित अभियानहरूबाट यस वर्ष उद्यम -केन्द्रित डिजिटल रूपान्तरणतर्फ एक महत्वपूर्ण फड्को भएको जनाइएको छ ।

अभियान उद्यमीहरूलाई डिजिटल बैंकिंगका माध्यमहरूमा सक्रिय बनाउँदै उच्च-मूल्यको नगद तथा चेक कारोबारलाई डिजिटल च्यानलमा रूपान्तरणा गर्ने र ब्एक्ष तथा होस्ट-टू-होस्ट कनेक्टिभिटी मार्फत ग्राहकका प्रणालीबाट सिधै भुक्तानी गर्न मिल्ने समाधानहरूका साथै भुक्तानी प्रकृयामा सहजीकरण गर्ने विषयमा केन्द्रित रहने दाबी गरिएको छ । यसमा सहभागी हुने उद्यमी तथा व्यवसायीहरूले डिसेम्बर महिनाभरी आफ्नो डिजिटल रूपान्तरण यात्रालाई थप लाभदायी बनाउन विशेष अनबोर्डिङ लाभ, छुट्, विशिष्टिकृत तथा अग्राधिकार सेवा प्राप्त गर्नेछन् ।

बैंकका डिजिटल च्यानल र रेमिट्यान्स प्रमुख सुमन प्रसाद गेलालका अनुसार डिजिटल डिसेम्बर २०२५ ले नेपालमा उद्यम भुक्तानी नवप्रवर्तनमा अग्रणी भूमिकामा रहने बैंकको प्रतिबद्धतालाई थप बल प्रदान गर्दछ । डिजिटल पूर्वाधारलाइ कुशलतापूर्वक सञ्चालन गर्न व्यवसायहरूलाई सशक्त बनाउँदै थप पारदर्शी, सुरक्षित र उत्पादनमूलक अर्थतन्त्रमा योगदान पुऱ्याइरहेको उनको विश्वास छ ।

### ग्लोबल आइएमईको मोबाईल बैंकिङ प्रयोगकर्तालाई आइफोन १७ जित्ने मौका

**काठमाडौं (प्रस)**– ग्लोबल आइएमई बैंक लिमिटेडले बैंकको मोबाइल बैंकिंग-ग्लोबल स्मार्ट प्लसबाट कम्तिमा ३ पटक फोनपे नेटवर्कमार्फत रकमान्तर गर्दा आइफोन १७ जित्ने योजना सार्वजनिक गरेको छ । यस योजनाअन्तर्गत बैंकले मोबाइल बैंकिंग प्रयोगकर्ताहरू मध्य उक्त कारोबार गर्ने दुई जना भाग्यशाली ग्राहकहरूलाई आइफोन १७ प्रदान गर्नेछ । साथै, यस योजनाअनुसार बैंकका मोबाईल बैंकिंग प्रयोगकर्ताले फोनपे डाइरेक्टमार्फत् रकमान्तर गर्दाको भिडियो सामग्री आफ्नो सामाजिक सञ्जालमा राखे वापत हरेक दिन (योजना अवधिभर) सामसुङ इएरबड जित्ने समेत अवसर रहेको छ ।




यो योजना मंसिर १५, २०८२ देखि पौष २५, २०८२ सम्म लागू रहनेछ । यस योजनामा सहभागी हुन योजना अवधिभर ग्लोबल स्मार्ट प्लसबाट फोनपे डाइरेक्टप्रयोग गरी न्यूनतम् ३ पटक रकमान्तर गरेको हुनपर्ने छ ।

ग्लोबल आइएमई बैंक ख्यातिप्राप्त विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संस्थाहरूबाट फरकफरक विधामा सम्मानित भएको छ । बैंकले बैंक अफ द इयर २०१४, बेष्ट इन्टरनेट बैंक २०१६, बेष्ट बैंक नेपाल २०२४ र २०२५, युरो मनी अवार्ड फर एक्सलेन्स २०२२, २०२४ र २०२५, बेष्ट बैंक ईएसजी नेपाल २०२४, बेष्ट इम्प्लोयर जस्ता प्रतिष्ठित अवार्डहरू प्राप्त गरिसकेको छ । ग्लोबल आइएमई बैंक देशका ७७ वटै जिल्लामा शाखा सञ्जाल भएको निजी क्षेत्रको पहिलो वाणिज्य बैंक हो ।

बैंकका ३५२ शाखा कार्यालय, ३८४ एटिएम, १५० शाखारहित बैंकिङ सेवा, ६८ एक्सटेन्सन तथा राजस्व संकलन काउन्टर र ३ वटा वैदेशिक प्रतिनिधि कार्यालयसहित १,००० भन्दा बढी सेवा केन्द्रमार्फत ग्राहकलाई उत्कृष्ट सेवा प्रदान गर्दै आएको छ ।

बैंकले रेमिट्यान्स सेवामार्फत नेपाली नागरिकहरूलाई विश्वभरबाट आर्थिक सेवा उपलब्ध गराउँदै आएको छ । अमेरिका, बेलायत, क्यानडा, अष्ट्रेलिया, मलेसिया, दक्षिण कोरिया, जापान, साउदी अरब, कतार, यूएई, बहराइन, कुवेत, भारत र जोर्डनजस्ता देशहरूबाट बैंकले रेमिट्यान्स सेवा सञ्चालन गर्दै नेपालमा आर्थिक समृद्धिमा योगदान पुऱ्याउँदै आएको छ ।

**बिजुलीको सुरक्षित प्रयोग गरौं**

- भिजेको वा चिसो हातले बिजुलीको तार तथा उपकरण नचलाऔं,
- बालबालिकाले भेट्ने गरी बिजुलीका तार तथा सकेट नराखौं,
- पुराना तथा नांगो तार तत्काल मर्मत गरौं,
- ओभरलोड हुने गरी बिजुलीको प्रयोग नगरौं,
- आगलागी भएमा तत्काल मुख्य स्विच बन्द गरौं,
- जाडो मौसममा हिटर बाल्दा कोठामा पर्याप्त हावा छिर्ने व्यवस्था मिलाऔं,
- रातीको समयमा हिटर बन्द गरेर मात्र सुतौं ।

साबधान अपनाऔं, सुरक्षित रहौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रणः एक्प्रेस कलर प्रेस, कार्यालयः काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेल: prabhabdailynews@gmail.com, विज्ञापनका लागिः marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशकः कृष्ण कार्की, सम्पादकः विष्णु तामाङ